मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ ● अंक १३४ ● २०८० साल चैत्र २२ गते बिहिवार ● Thursday 04, April 2024 ● सूर्योदयः बिहान ५:२२ बजे ● सूर्यास्तः साँझ ६:२४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# यादवले माफी नमाग्दासम्म पेन डाउन



**मधेशदृष्टि**
**राजविराज ।**
प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री महेश प्रसाद यादवले सार्वजनिक रुपमा माफी नमागेसम्म पूर्वाधार विकास कार्यालयका कर्मचारी काममा नफर्किने भएका छन् । सप्तरीको राजविराजस्थित पूर्वाधार विकास कार्यालयका प्रमुख प्रवीण प्रताप अधिकारीमाथि सार्वजनिक स्थानमा हातपात तथा दुर्व्यवहार गरेको भन्दै मन्त्री यादवले सार्वजनिकरुपमा माफी नमागेसम्म आन्दोलन जारी राख्ने उनीहरूले अडान राखेका हुन् ।

पूर्वमन्त्री यादवमाथि कारबाही माग गर्दै पूर्वाधार विकास कार्यालय मधेश प्रदेश अन्तर्गतका सम्पूर्ण कार्यालयका कर्मचारीले हातमा कालोपट्टी बाँधेर पेनडाउनसहितका दबाबमूलक कार्यक्रम जारी राखेका छन् । कार्यालयमै प्रवेश गरी कार्यालय प्रमुखमाथि भएको हातपात तथा दुर्व्यवहार निन्दनीय रहेको र अमर्यादित व्यवहार देखाउने पूर्वमन्त्री यादवसहित घटनामा संलग्न दोषीमाथि कारबाही नभएसम्म आन्दोलनका कार्यक्रमलाई निरन्तरता दिइने कर्मचारीहरू बताउँछन् ।

पूर्वमन्त्री यादव जनमत पार्टीका तर्फबाट सप्तरी निर्वाचन क्षेत्र नम्बर २ (ख) बाट निर्वाचित हुन् । कर्मचारीहरू आन्दोलनमा उत्रँदा मधेश प्रदेशभर पूर्वाधार विकास कार्यालयको सम्पूर्ण सेवा प्रभावित भएको छ । कर्मचारीको आन्दोलनका कारण सेवाग्राही मारमा परेका छन् ।

आइतबार पूर्वमन्त्री यादव र उनीसँगै आएका धिरेन्द्र यादवले कार्यालय प्रमुख अधिकारीमाथि गालीगलौज गर्दै हातपात गरी दुर्व्यवहार गरेका थिए ।

# धार्मिक नगरीमा बाटोबाटोमा अव्यवस्थित मासु पसल

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
स्वास्थ्य मापदण्ड विपरित पशु बधशालाको मासु खान उपभोक्ता बाध्य छन् । मधेश प्रदेशको राजधानी जनकपुरधाममा मापदण्ड विपरित सञ्चालनमा रहेको मासु र माछा पसलको अनुमगन हुनसकेको छैन । जसकारण उपभोक्ता मारमा परेका छन् । उपभोक्तालाई हरेक उपभोग्य बस्तु स्वस्थ हुनुपर्छ भन्ने मान्यता छ । तर मधेश प्रदेशको राजधानी जनकपुरधाममा व्यवस्थित बधशाला अभावमा उपभोक्तामाथि ज्यादति छ ।

व्यवस्थित बधशाला नहुँदा उपभोक्ता अस्वस्थ्य मासु खान बाध्य छन् । सडकपेटीमा काटमार गरी खुलारुपमा गरिने मासु पसलले बजार फोहोर र दुर्गन्धित बनेको छ । जनकपुरधामका अधिकांश मासु पसल मापदण्ड विपरीत सञ्चालन भइरहँदा पनि नियमनकारी निकाय मौन देखिँदा सर्वसाधारणको स्वास्थ्य, बजारको सौन्दर्य र उपभोक्ताको हक एकसाथ हनन् भएको छ ।



सरकारले उपभोक्तालाई स्वस्थकर मासु खाने व्यवस्थासहित पसल सञ्चालन गर्न मापदण्ड बनाएको छ । तर जनकपुरधामका अधिकांश मासु पसल मापदण्ड विपरित सञ्चालित छन् । धार्मिक नगरको रुपमा समेत परिचित जनकपुरमा जताततै मासुपसल सञ्चालन हुँदा यसले नगरको गरिमासमेत घटाएको छ । पशु बधशाला र मासु जाँच नियमावलीअनुसार जनकपुरधाममा एउटा पनि मासु पसल सञ्चालनमा छैनन् । अधिकांश पसलका सञ्चालकले नियमितरुपमा मापदण्ड अनुसार सफाई नगर्दा गुणस्तरहीन मासु किनबेच र उपभोग भइरहेको छ ।

जनकपुरका मासु बिक्रेताले पनि उपमहानगरपालिकाले नियमित अनुगमन नगर्दा अव्यवस्थितरुपमा मासु पसल सञ्चालन भइरहेको बताउन थालेका छन् । पशु बधशालाको अभावमा अव्यवस्थित तरिकाले मासु बिक्री वितरण भइरहेको छ । अव्यवस्थित ढंगबाट सञ्चालित मासु पसललाई व्यवस्थित गर्न नियमनकारी निकायको पनि तातिएको छैन । जसले उपभोक्तामाथि लुट जारी छ, मासु पसलले जनकपुरको सौन्दर्य र धार्मिक शहरको परिचयमा पनि मोसो दलिरहेको छ ।

स्थानीय मासु पसलले मापदण्डका विषयमा हाकाहाकी कुनै जानकारी नै नभएको बताउने गरेका छन् । जनकपुरको पिरारी चोकमा मासु पसल सञ्चालन गर्दै आएका सदाम अलिलाई बजारमा मासु पसल सञ्चालनको मापदण्डका विषयमा कुनै जानकारी नभएको बताउ । उनले कहिलेकहिँ अनुमगनका लागि विभिन्न निकायबाट आउने गरिए पनि कसैले केही नभनेको बताए ।

मधेशका विभिन्न जिल्लामा वार्षिक बरिव ४७ हजार ३ सय ५९ मेट्रिक टन मासु उत्पादन र खपत हुने गरेको छ । तर पसलको सरसफाइ, फोहोर व्यवस्थापन, मासु बिक्री कक्ष, बधस्थल तथा आवश्यक औजार सरसफाइमा ध्यान नदिँइदा उपभोक्ताको स्वास्थ्यमा समस्या हुने गरेको छ । अस्वस्थ्य मासु खाँदा उपभोक्ता बिरामी पर्ने जोखिमसमेत उत्तिकै छ । जनकपुरधामको विभिन्न चोक, माछा बजारलगायतका स्थानमा कुनै पनि मापदण्ड पूरा नगरी मासु पसल सञ्चालन गरिएका पाइन्छ । तर नियमन गर्ने निकाय जनकपुरधामसमेत मौन बस्दा उनीहरुको व्यवसायमा कुनै समस्या भएको छैन, उपभोक्ताको स्वास्थ्य र जनकपुरधामको धार्मिक पहिचानमा मात्र समस्या बनिरहेको छ । खुलेयाम मापदण्ड विपरितका कार्य भइरहेका छन् । जनकपुरधाम उपमहानगरपालिका सीता चोकका स्थानीय श्रीप्रसाद साहले भने, 'सडकमै जथाभावी रूपमा खसीबोका काटेर बिक्री गरिँदा पनि सम्बन्धित निकायबाटै कुनै अनुगमन हुने गरेको छैन ।'

जनकपुरधाम धार्मिक नगरी भएकाले जथाभावी काटमार गरिँदा यसको नकारात्मक असरसमेत परेको छ । जनकपुरधाम धार्मिक नगरी भएकाले समेत यसको गरिमा जोगाउन जरुरी छ । अर्कातर्फ व्यवस्थितरुपमा बधशाला निर्माण गरेर मासु पसल सञ्चालन जरुरी भएको छ । यसतर्फ उपमहानगरको ध्यान पुगेको छैन ।

जनकपुरधाम उपमहानगरपालिकाका नगर उपप्रमुख किशोरी साहले जनकपुरधामको धार्मिक गरिमा जोगाउन र मापदण्ड पूरा गरेर व्यवसाय सञ्चालन गर्नु पर्ने सबैको दायित्व रहेको बताए । उनले यसका लागि अनुगमन प्रभावकारी रुपमा अगाडि बढाइने बताए । सरकारले स्वस्थ मासु उत्पादनका लागि पशु बधशाला तथा मासु जाँच ऐन नियम बनाए पनि लागु हुन सकिरहेको छैन । पशु बधशाला र मासु जाँच ऐन, २०५५ र पशु बधशाला तथा मासु जाँच नियमावली, २०५७ कागजी पानामा सीमित भएको छ । सरकारले स्वस्थ मासु उत्पादनका लागि मासु बधशाला र मासु जाँच ऐन नियमावली बनाए पनि व्यवसायीले नियमावली अवलम्बन गरेका छैनन् । नियमनकारी निकायको ध्यान कम जाँदा व्यवसायीले सजिलो बाटो अपनाउँदै बजारका चोकमा पनि मासु पसल चलाइरहेका छन् । उनीहरुले काटमार गरिरहेको खसीबोका र चौपाया स्वस्थकर हो कि होइन भन्नेसमेत कुनै चेकजाँच छैन ।

## जनहितका लागि जारी सन्देश
## समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

### आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्यौंस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्यौंस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्यौंसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्यौंस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्यौंस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गनुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्यौंल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




### आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलव्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगालागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

विदेह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिकौरिया, धनुषा, मधेश प्रदेश

# सागरनाथ र डिभिजन वनमा डढेलो

**सर्लाहीमा सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनासमेत गरी २९ हजार ५ सय ७१.३६ हेक्टर क्षेत्रफलमा वन रहेको डिभिजन वन कार्यालय सर्लाहीको अभिलेखमा उल्लेख छ । वनक्षेत्रमा बढेको अनधिकृत अतिक्रमण र डढेलोले ६ सय ३७ हेक्टर वन नासिएको डिभिजन वन कार्यालयले जनाएको छ ।**

**मधेशदृष्टि**
**सर्लाही ।**
सुक्खायाम शुरु भएसँगै सर्लाहीका वन क्षेत्रका नयाँ बिरुवा डढेर खरानी हुने क्रम बढेको छ । पूर्वपश्चिम राजमार्गको दुवैतिर (उत्तर–दक्षिण) क्षेत्रमा पर्ने जंगलमा दिनदिनै बढेको डढेलोले दुई–तीन वर्ष यताका नयाँ बिरुवा डढेर खरानी भएको हो । डढेलोले नयाँ वयस्क र पुराना रुख पनि मारेको छ ।



सुख्खायाम लागेसँगै बढेको डढेलोले वन क्षेत्र उजाड हुने क्रम बढेको छ । सर्लाहीमा पर्ने राष्ट्रिय वन, सामुदायिक वन, साझेदारी वन, धार्मिक वन र सागरनाथ वन विकास परियोजनाका प्लटमा सधैँजसो देखिने डढेलोले वन क्षेत्रका रुख, बुट्टा खरानीमा परिणत भएका छन् । डढेलोले नयाँ बिरुवा डढेर खरानी हुने र वयस्क रुख आगो लागेर सुक्दै गएपछि वनक्षेत्र उजाड हुने क्रम बढेको हो । दिनदिनै लागेको डढेलोले सागरनाथ वन क्षेत्र खरानी हुँदै गएको छ । सागरनाथ वन विकास परियोजनाका कर्मचारीको उदाशीनताले वन डढेलोले सखाप भइरहेको हो । डढेलो लगाए नयाँ घाँस पलाउने विश्वासले वनमा डढेलो लगाउने क्रम पनि बढेको छ ।

डढेलोका कारण वासस्थान गुम्दा वन्यजन्तु समस्यामा परेका छन् । राजमार्गको डिल किनारासम्म नै डढेलो सल्किरहेको देखिन्छ । सडकलाई छुने गरी डढेलो सल्किँदा पेट्रोलियम पदार्थ बोकेका सवारी साधन राजमार्गमा ओहोरदोहोरमा जोखिम हुन थालेको छ । दिनानुदिन फैलँदो डढेलो नियन्त्रणका लागि सागरनाथ वन विकास परिवजनाको बेवास्ता देखिएको स्थानीय राम बलि पण्डितले बताए । डिभिजन वन कार्यालय सर्लाहीमातहतका वनमा भने डढेलो नियन्त्रणमा रहेको छ ।

अहिले रुख बिरुवाले पालुवा फेर्ने समय हो । रुख बिरुवाबाट झरेका पुराना पात सुकेका बेला वनमा लाग्ने डढेलोले आगो चाँडै फैलने गर्छ । वन क्षेत्रमा दिनदिनै बढेको डढेलोले रुख, बिरुवा सखाप हुनुका साथै नजिकका बस्ती पनि आगलागीको उच्च जोखिममा पर्ने गरेका छन् । सर्लाहीमा सामुदायिक, साझेदारी, धार्मिक र सागरनाथ वन विकास परियोजनासमेत गरी २९ हजार ५ सय ७१.३६ हेक्टर क्षेत्रफलमा वन रहेको डिभिजन वन कार्यालय सर्लाहीको अभिलेखमा उल्लेख छ । वनक्षेत्रमा बढेको अनधिकृत अतिक्रमण र डढेलोले ६ सय ३७ हेक्टर वन नासिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

यसैगरी, सर्लाहीका डिभिजन वन प्रमुख मन्जुर अहमदले सबै ठाउँमा लागेको डढेलो वन कार्यालयले मात्रै निभाउन असम्भव रहेकाले यसमा सबैले सहयोग गर्नुपर्ने बताए ।

उनले भने, 'वन डढेलो ठूलो विपत्ति हो । वनका कर्मचारीले मात्रै डढेलो निभाउन सम्भव हुँदैन, आमउपभोक्ता, वन समिति, प्रहरी प्रसाशन र स्थानीयले पनि भूमिका खेल्नुपर्छ ।'

# सतहत्तर लाखको अवैध सामान बरामद

**रासस**
**हेटौंडा ।**
मकवानपुर प्रहरीले भन्सार छलेर ल्याइएका करिब ७७ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ ।

सामान ल्याउने काममा संलग्न एक जनालाई नियन्त्रणमा लिएको छ । बुधबार इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले मनहरी गाउँपालिका–७ स्थित पूर्व पश्चिम लोकमार्गमा सवारी साधन चेकजाँच गर्ने क्रममा बिलबिजक नभएका साडी, कुर्थासुरुवाल, टिसर्ट, पाइन्ट, जुत्तालगायतका लत्ताकपडासहित एकजनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताइन् ।

लोथरबाट हेटौँडातर्फ आउँदै गरेको बागमती बिएडी ४३७० नम्बरको गाडी चेकजाँच गर्दा भन्सार छलेर ल्याइएको बिलबिजक बिनाका लत्ताकपडा दुई हजार सात सय ४४ थान, विभिन्न कम्पनीका मोबाइल ८२ थान बरामद गरिएको प्रहरीले जनाएको छ ।

सामानसँगै प्रहरीले नियन्त्रणमा लिएका सवारी चालक उदयपुर त्रियुगा नगरपालिका–१३ बस्ने वर्ष २८ को राजकुमार चौधरी छन् । प्रहरीले चौधरीलाइ आवश्यक अनुसन्धान तथा कारबाहीको लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारा पठाएको प्रनाउ भण्डारीले बताइन् ।

# सात लाख बराबरको सामान बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
सशस्त्र प्रहरीको गस्ती टोलीले रौतहटबाट ७ लाख रुपैयाँ मूल्य बराबरको अबैध भारतीय कपड़ा सहितको सामान बरामद गरेको छ । सशस्त्र प्रहरी ११ नम्बर हेक्का गौर र बोर्डर आउट पोष्ट खापको संयुक्त टोलीले परोहा नगरपालिका वडा नम्बर ९ इलाकामा तस्करहरुले भारतबाट भन्सार छलेर ल्याएको सात लाख रुपैयाँ मूल्य बराबरको कपडा, सुर्तीजन्य पदार्थ र चप्पल बरामद गरेको हो । बरामद सामान आवश्यक कारवाहीको लागि बुधबार जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको सशस्त्र प्रहरी रौतहटका प्रमूख विक्रम हुमागाईंले बताए । पछिल्लो समय रौतहटमा अबैध भारतीय सामानको तस्करी बढेसंगै सशस्त्र प्रहरीको सक्रियता समेत बढेको स्थानीयहरूले बताएका छन् ।

# धार्मिक द्वन्द्वप्रति सचेत रहन ध्यानाकर्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशी आयोगका अध्यक्ष डा. विजयकुमार दत्तले मधेश प्रदेशमा दिन प्रतिदिन बढ्दो धार्मिक द्वन्द्व रोक्न प्रहरी अझै संवेदनशील हुन आवश्यक रहेको बताएका छन् । जनकपुरमा मधेशी आयोगका अध्यक्ष डा. दत्त र मधेश प्रदेश प्रहरीका प्रमुख प्रहरी नायव महानिरीक्षक यज्ञ विनोद पोखरेलबीच भएको भेटघाटमा अध्यक्ष डा. दत्तले मधेश प्रदेशमा विगत केही महिनादेखि धार्मिक सहिष्णुतामा ठेस पुर्याउने कार्य भएको प्रति आयोग एकदम गम्भीर भएको बताए । अध्यक्ष डा. दत्तले आयोगमा मधेश प्रदेशबाट कैयौँ घरेलु हिंसा तथा महिला हिंसाका उजुरी प्राप्त भएको बताउँदै यस्ता घटनामा प्रहरीले तुरुन्त कारबाहीको कदम चाल्नु पर्ने समेत ध्यानाकर्षण गराए । सीमानाकामा हुने लागुपदार्थ ओसारपसार, मानव तस्करीजस्ता घटना रोकथामका लागि आवश्यक रणनीति बनाएर अगाडि बढ्न समेत अध्यक्ष डा. दत्तले प्रहरीलाई सचेत गराए । भेटघाटमा प्रहरी नायव महानिरीक्षक पोखरेलले मधेश प्रदेशको समग्र बस्तुस्थितिबारे अध्यक्ष डा. दत्तलाई जानकारी दिएका थिए ।

# गण्डकीमा नयाँ सरकार गठनको आह्वान




**रासस**
**कास्की ।**
गण्डकी प्रदेशमा नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखले आह्वान गरेका छन् । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बुधबार बिहान पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख डिल्लीराज भट्टले संविधानको धारा, १६८ को उपधारा (२) बमोजिम सरकार गठनका लागि आह्वान गरेका हुन् । प्रदेश प्रमुखको कार्यालयले प्रेस विज्ञप्ति जारी गरी आगामी चैत २७ गते दिउँसो ३ बजेभित्र मुख्यमन्त्री दाबी गर्ने समय दिइएको जनाएको छ । संविधानको धारा, १६८ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मिति २०८० चैत २७ गते मंगलबार दिउँसो ३ बजेभित्र गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्ति गर्ने प्रयोजनका लागि आफ्नो दाबी पेस गर्न आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्याललले बताए । यसैगरी, अर्को मन्त्रिपरिषद् गठन नभएसम्म संविधानको धारा, १६९ को उपधारा (३) बमोजिम यही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गर्ने गरी प्रदेश प्रमुखले तोक्नुभएको पनि जारी विज्ञप्तिमा उल्लेख छ । गण्डकी प्रदेशसभामा कूल ६० सदस्य छन् । यहाँ सरकार गठनका लागि ३१ सदस्यको समर्थन आवश्यक पर्दछ । यस प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का २२, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सभामुखसहित आठ, राप्रपाका दुई र स्वतन्त्र एक सदस्य छन् ।

# खाद्य स्वच्छता तथा गुणस्तर विधेयक पारित

**रासस**
**काठमाडौँ ।**
प्रतिनिधिसभाको बैठकले 'खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०८०' पारित गरेको छ । बुधबारको बैठकमा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेकी थिइन् । उक्त विधेयकलाई बैठकको बहुमतले पारित गरेको हो ।

राष्ट्रियसभामा उत्पति भएको यो विधेयक कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदनसहित प्रतिनिधिसभामा पेस भएको थियो ।

कृषिमन्त्री साहले खाद्यपदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र त्यसको नियमनको व्यवस्था गर्नका लागि यो विधेयक महत्वपूर्ण रहेको बताइन् । विधेयकमा खाद्य प्रयोगशाला स्थापना, यसको अनुमतिपत्र तथा नवीकरण, वस्तु आयात तथा निर्यातका बेला गुणस्तर प्रमाणीकरणलगायतका विषय समेटिएका छन् । मानव स्वास्थ्यको सुरक्षा तथा उपभोक्ताहित संरक्षणका लागि खाद्य शृङ्खलाका सबै चरणमा वैज्ञानिक तथ्यको आधारमा स्वच्छता र गुणस्तर निर्धारण गरी त्यसको नियमन गर्ने व्यवस्था सरकारले यो विधेयकमा ल्याएको हो । अन्तर्राष्ट्रियमा आएको नयाँ परिवर्तन र खाद्य स्वच्छतामा बढ्दै गएको संवेदनशीलतालाई समेत संस्थागत संयन्त्रमार्फत सम्बोधन गरी स्वस्थ्य र निरोगी नेपाल निर्माण गर्नका लागि खाद्य ऐन, २०२३ लाई प्रतिस्थापन गरी नयाँ ऐन तर्जुमा गर्न यो विधेयक ल्याइएको हो । यो ऐन प्रमाणीकरण भएको मितिले ९१औँ दिनबाट लागू हुनेछ ।

# निलम्बित जिल्ला न्यायाधीशलाई पुर्पक्ष आदेश

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सर्वोच्च अदालतले वैवाहिक जबर्जस्ती करणी आरोप लागेका निलम्बित जिल्ला न्यायाधीश भुवन गिरीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ । न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले बुधबार सुनुवाइ गर्दै जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनको आदेश बदर हुने ठहर गरी गिरीलाई थुनामा पठाउन आदेश गरेको हो ।

'पीडितको शारीरिक परीक्षण प्रतिवेदनबाट प्रजनन् अङ्गसँग सम्बन्धित 'हाइमेन ओल्ड टिअर' भन्ने देखिएको छ, पीडित र प्रतिवादीबीच यसभन्दा पहिले पनि वैवाहिक जबर्जस्ती करणी र सम्बन्धबिच्छेद मुद्दा चलिरहेको अवस्था देखिएको छ,' आदेशमा भनिएको छ, 'सम्बन्धविच्छेद र वैवाहिक जबर्जस्ती करणी मुद्दा चली आपसी सम्बन्ध नै विवादमा रहेको अवस्थामा सहजै एक्लै पीडितको कोठामा जाने विषय स्वाभाविक देखिँदैन, यी समग्र परिस्थिति र प्रमाणलाई आधार मान्दा अहिले नै यी प्रतिवादी कसुरदार रहेनछन् भन्न सकिने अवस्था छैन ।'

जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनले निलम्बित न्यायाधीश गिरीलाई धरौटीमा छाड्न आदेश गरेको थियो । सर्वोच्च अदालतले यो आदेश पनि बदर गरेको छ ।

गिरीपत्नीले आफूमाथि बलात्कार भएको उल्लेख गर्दै जाहेरी दिएपछि प्रहरीले निलम्बित न्यायाधीश गिरीलाई पक्राउ गरी अनुसन्धान गरेको थियो । जिल्ला सरकारी वकिल कार्यालयले गिरीमाथि वैवाहिक बलात्कारको मुद्दा चलाएपछि निलम्बनमा छन् । यसैबीच, बुधबार मुद्दाको सुनुवाइ भइरहेको अवस्थामा गिरी पत्नीले इजलासमै शङ्कास्पद वस्तु सेवन गरेपछि अस्पताल लगेको बताइएको छ ।

सर्वोच्च अदालतको सहप्रवक्ता गोविन्द घिमिरेका अनुसार उनले शङ्कास्पद वस्तु सेवन गरेपछि उपचारका लागि वीर अस्पताल लगिएको हो । के सेवन गरिएको थियो भन्ने खुलेको छैन ।

# बेचिनबाट जोगिए पाँच महिला



**रासस**
**काठमाडौँ ।**
वैदेशिक रोजगारीका नाममा बेचिन लागेका पाँच महिलाको उद्धार गरिएको छ । मानव बेचबिखन तथा अनुसन्धान ब्यूरोले विदेश जाने बहानामा बेचिनबाट जोगिएका ती महिलालाई उद्धार गरी अहिले आवश्यक परामर्श गरिरहेको र उक्त घटनाको अनुसन्धान पनि थालिएको जनाएको छ । ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक ज्ञानेन्द्र प्रसाद फुँयालले उनीहरुलाई गिरोहले विदेश पठाउने भनेर काठमाडौँको गौशालास्थित एक होटलमा राखिएको अवस्थाबाट उद्धार गरिएको जानकारी दिए ।

बहाना वैदेशिक रोजगारीको भए पनि उनीहरुलाई तेस्रो मुलुक लगेर बेचबिखन गर्न लागिएको पत्ता लागेपछि उद्धार गरिएको उनले बताए । प्रारम्भिक अनुसन्धानमा आकर्षक तलब पाउने लोभ देखाएर उनीहरुलाई विदेशमा बेचबिखन गर्न लागिएको पाइएको प्रहरीले जनाएको छ । उक्त घटनामा संलगन रहेको आरोपमा प्रहरीले दुई जनामाथि अनुसन्धान गरिरहेको छ । ती गिरोहले यसअघि पनि केही महिलालाई विदेश पठाउने बहानामा बिक्री गरेको पाइएपछि उनीहरुलाई उद्धार गरिएको हो । महिला बेचबिखनमा संलग्नमध्येका गणेशबहादुर कटुवाललाई यही चैत २ गते काठमाडौँको टोखा नगरपालिका–५ बाट ब्यूरोले पक्राउ गरेको थियो । उनीसँग सोधपुछ तथा अनुसन्धानका क्रममा सोही घटनामा संलग्न रहेको पाइएपछि फरार भएका आरोपीमध्ये ५८ वर्षका लक्ष्मीप्रसाद निला सिटौलालाई मंगलबार काठमाडौँबाटै पक्राउ गरिएको हो । उनीहरुसँगको बयानका तथा थप अनुसन्धान गर्दै जाँदा त्यसरी विदेश पठाउने लोभ देखाएर थप पाँच महिलाहरुलाई पनि बेचबिखनमा संलग्न गराउनका लागि होटलमा राखेर आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी प्राप्त भएपछि प्रहरी टोली गौशालाको होटलमा पुगेको थियो । 'सिटौलालाई पक्राउ गर्ने क्रममा उनले भ्रमण भिसामा दुबई हुँदै खाडी मुलुकहरुमा घरेलु कामदारको रुपमा आकर्षक तलब सुविधाको काममा लगाइदिने प्रलोभन देखाइ थप पाँच जना महिलाहरुलाई लैजाने तयारी गरेको पाइएपछि तत्कालै होटलबाट उनीहरुलाई उद्धार गरिएको हो', प्रहरी उपरीक्षक फुँयालले भने । उद्धार गरिएकाहरुसँग थप जानकारी लिने तथा घटनाको थप अनुसन्धानका काम जारी रहेको ब्यूरोले जनाएको छ ।

# कर्णालीका मुख्यमन्त्री शर्माद्वारा राजीनामा

**रासस**
**कर्णाली ।**
कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले आफ्नो पदबाट राजीनामा दिएका छन् । कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको तेस्रो अधिवेशनअन्तर्गत बुधबार बसेको छैटौँ बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री शर्माले राजीनामाको घोषणा गरेका हुन् । उनले बुधबार नै प्रदेश प्रमुख तिलक परियारसमक्ष राजीनामा पत्र बुझाएका छन् ।

बदलिएको राजनीतिक परिवेशका कारण आफूले विश्वासको मत नलिई राजीनामा दिने निर्णय गरेको मुख्यमन्त्री शर्माले प्रदेशसभा बैठकमा जानकारी गराएका थिए । प्रदेशसभामा राजीनामा घोषणा गर्ने क्रममा मुख्यमन्त्री शर्माले आफ्नो नेतृत्वको प्रदेश सरकारले हालसम्म गरेका कामको समग्र विवरण देशसभा बैठकमा प्रस्तुत गरेका थिए । उनले राजीनामा दिएर बाटो खुला गरेसँगै सत्ता साझेदार दलको केन्द्रीय सहमतिअनुसार भएको निर्णय कार्यान्वयन हुने भएको छ । केन्द्रीय सहमतिअनुसार कर्णाली प्रदेश सरकारको नेतृत्व अब नेकपा (एमाले) ले गर्ने भएको छ । सत्ता साझेदार दलहरुको तर्फबाट कर्णाली प्रदेशसभामा एमाले संसदीय दलका नेता यामलाल कँडेल कर्णाली प्रदेशको मुख्यमन्त्री हुने सम्भावना छ ।

**नयाँ सरकारका लागि आह्वान**

कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियारले नयाँ सरकार गठनका लागि दाबी पेस गर्न दलहरूलाई आह्वान गरेका छन् ।

उनले बुधबार विज्ञप्ति जारी गर्दै दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार बनाउनका लागि दलहरूलाई आह्वान गरेका हुन् । कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माले बुधबार आफ्नो पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख परियारले नयाँ सरकार गठनका लागि दलहरूलाई आह्वान गरेका हुन् । नयाँ सरकार गठनका लागि दाबी पेस गर्ने समय यही चैत २७ गते दिउँसो ५:५० बजेसम्मको दिइएको छ । सत्ता समीकरण फेरिएसँगै कांग्रेसले गत फागुन २२ गते कर्णाली प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

# महालेखापरीक्षक सिफारिसमा ट्रान्सपरेन्सीको आपत्ति

**रासस**
**काठमाडौँ ।**
संवैधानिक परिषदले तोयम रायलाई महालेखापरीक्षकमा सिफारिस गरेकोमा ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपालले आपत्ति जनाएको छ । कानून बमोजिम लेखा राख्ने, राख्न लगाउने र लेखापरीक्षण गराउनेलगायतका जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको रहने र सोही प्रकृतिको पदमा रहेका रायलाई महालेखापरीक्षकमा सिफारिस गरेकोमा टिआइ नेपालले आपत्ति जनाएको हो । राज्यका कुनै पनि उच्च पदमा नियुक्ति गरिँदा स्वार्थको द्वन्द्व नहुने र सुशासनमा खलल नपर्ने कुरा सुनिश्चित गरिनुपर्ने ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपालको आधिकारिक धारणा छ ।

'संवैधानिक परिषदद्वारा यही २०८० वैशाख २१ गतेसम्म अर्थसचिव पदमा रही तत्पश्चात् उपराष्ट्रपतिको कार्यालयमा सचिव र त्यसपछि राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारीका रूपमा कार्यरत तोयम रायलाई महालेखापरीक्षकमा सिफारिस गरिएकामा टिआइ–नेपालको गम्भीर ध्यानाकर्षण भएको छ', विज्ञप्तिमा भनिएको छ, 'महालेखापरीक्षक नेपालको संविधानको धारा २४१ मा भएको व्यवस्थाअनुरुप नेपाल सरकारका सबै निकायको लेखापरीक्षण गर्ने सर्वोच्च पद हो, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले नेपाल सरकारको कुनै मन्त्रालय वा केन्द्रीय निकायको सचिव पदमा कार्यरत व्यक्तिलाई लेखाउत्तरदायी अधिकृत मानेको छ ।'

ट्रान्सपरेन्सी इन्टरनेशनल (टिआइ) नेपाललका अध्यक्ष पद्मिनी प्रधानांगका अनुसार विश्वका विभिन्न मुलुकका महालेखापरीक्षकजस्ता सर्वोच्च लेखापरीक्षण निकायको अन्तर्राष्ट्रिय सगंठन (इन्टोसाइ) बाट जारी आचारसंहितामा नैतिक आचरणबारे उल्लेख रहेको छ । 'ती आचरणमध्ये लेखापरीक्षक (महालेखापरीक्षक र निजकोतर्फबाट लेखापरीक्षण कार्य गर्ने अन्य व्यक्ति) को निष्ठा, लेखापरीक्षण गराउने निकायबाट स्वतन्त्र र वस्तुनिष्ठ रहनुपर्ने विषय महत्वपूर्ण छन्' उनले भनिन्' 'त्यस्तो लेखापरीक्षकको नियुक्ति गर्दा वा निजलाई लेखापरीक्षकका रुपमा तोक्दा निजको स्वतन्त्रता र वस्तुनिष्ठता कायम हुन्छ हुँदैन भन्ने पक्ष महत्वपूर्ण हुन्छन् ।' उनका अनुसार लेखापरीक्षकका रुपमा तोक्दा र लेखापरीक्षकले जिम्मेवारी स्वीकार गर्दा लेखापरीक्षण गराउने निकाय र कार्यसँग लेखापरीक्षकको नैतिक आचरणमा आँच आउनसक्ने अवस्था, जस्तै आफूले गरेको काम आफैँले परीक्षण गर्ने जोखिमलाइ विचार गर्नुपर्ने मान्यता छ । यस्तो जोखिम कायम रहेको अवस्थामा लेखापरीक्षणको नतिजा विश्वसनीय नहुने सम्भावना रहेको उनको भनाइ छ । 'संवैधानिक परिषद्को यस सिफारिसबाट रायले आफू अर्थसचिव, उपराष्ट्रपतिको कार्यालयमा सचिव र राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुख तथ्याङ्क अधिकारीका रूपमा कार्यरत रहेको (जसको लेखाउत्तरदायी अधिकृत उहाँ स्वयं नै हो)' उनले भनिन्, 'आर्थिक वर्ष २०७९÷८० र २०८०÷८१ को समेत महालेखा परीक्षण सम्पन्न गर्दै सोको प्रतिवेदनमा अन्तिम हस्ताक्षर गरी सम्माननीय राष्ट्रपतिसमक्ष बुझाउनुपर्ने हुन्छ ।'

यसप्रकार, आफ्नै काम कारबाही र आफ्नै जिम्मेवारीमा रहेको आर्थिक कारोबारको लेखापरीक्षण आफैँले गर्नु लेखापरीक्षणसम्बन्धी स्वतन्त्रताको सिद्धान्तले नमिल्ने र सोझै स्वार्थको द्वन्द्व हुनेमात्र नभई यसबाट सुशासनमा गम्भीर खलल पर्नेसमेत उनले बताइन् । संसदीय सुनुवाइ समितिले स्वार्थको द्वन्द्व नहुने, लेखापरीक्षणको स्वतन्त्रता कायम रहने र सुशासनमा सघाउ पुग्ने अवस्था सुनिश्चित गरोस् भनी टिआइ नेपालले गम्भीर ध्यानाकर्षण गराएको छ ।

# हुलाकी राजमार्गको एक सय ८१ किलोमिटर सडक तयार



**रासस**
**वीरगंज**
हुलाकी राजमार्ग योजना कार्यालय मातहत पर्ने हुलाकी राजमार्गको समग्रमा एक सय ८१ किलोमिटर सडक कालोपत्र गरिएको छ । कार्यालय मातहत दुई खण्डमा कूल दुई सय २९ दशमलव सात किलोमिटर सडक पर्छ । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र अन्य केही ठाउँमा बाहेक अन्यत्र सडक निर्माण कामले गति लिइरहेको कार्यालयले जनाएको छ । हुलाकी राजमार्ग योजना कार्यालयका योजना प्रमुख दीपककुमार झाले चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रबाहेक अन्य स्थानमा सडक निर्माणले गति लिएको बताए । 'निकुञ्ज क्षेत्रमा सडक विस्तारको कार्य अघि बढाउन समस्या भइरहेको छ', उनले भने, 'अन्य स्थानमा भने सडक निर्माणले गति लिइरहेको छ ।' कार्यालय मातहत दुई सय २९ दशमलव सात किलोमिटर सडक पर्दछ । त्यसमा पूर्व–पश्चिम खण्डमा एक सय ५३ किलोमिटर र उत्तर–दक्षिण खण्डमा ७६ दशमलव सात किलोमिटर सडक पर्दछ । कार्यालयका अनुसार हालसम्म दुवै खण्डमा एक सय ८१ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ । पूर्वपश्चिम खण्डमा एक सय नौ किलोमिटर र उत्तर–दक्षिण खण्डमा ७२ दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ । योजना प्रमुख झाले सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधनले आयोजनाको म्याद थप गर्नका लागि सहजीकरण गरिदिएकाले हुलाकी राजमार्गअन्तर्गत रहेका रुग्ण ठेक्कालाई अघि बढाउन सहज हुने आङ्कलन गरेका छन् । 'सार्वजनिक खरिद नियमावलीको १३औँ संशोधनले आयोजनाहरुको म्याद थपको प्रावधान विगतको तुलनामा अहिले केही खुकुलो पारिएको छ, यदि आयोजनाहरुको म्याद थप भएको खण्डमा सडक निर्माणको कामले गति लिने आशा गरेका छौँ', उनले भने, 'उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले पनि वीरगंजमा आएको सन्दर्भमा बजेट अभाव नहुने भन्दै प्रतिबद्धता पनि जनाउनुभएकाले पनि पूर्वाधार निर्माणमा सहज वातावरण बन्ने अपेक्षा लिएका छौँ ।' हुलाकी सडक योजना कार्यालय वीरगंजका सूचना अधिकारी तथा इन्जिनियर सञ्जय ठाकुरले पूर्व–पश्चिमको एक सय ५३ किलोमिटर सडकमध्ये हालसम्म एक सय नौ किलोमिटर सडक कालोपत्र सम्पन्न भइसकेको बताए । 'यो खण्डमा पर्ने पर्साको ठोरीदेखि चितवनको माडीसम्म चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने १५ किलोमिटर सडक कालोपत्र गर्न सकेका छैनौँ', उनले भने ।

# एक वृद्धाको शव फेला, युवक पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकास्थित जिरायतमा एक वृद्धा आफ्नै घरमा मृत फेला परेकी छिन् । मङ्गलबार राति बागमती नगरपालिका–४, जिरायत निवासी ७० वर्षीया पार्वती महतो आफ्नै घरमा मृत फेला परेकी हुन् । घटनाको जानकारी पाएलगत्तै जिल्ला प्रहरीका प्रमुख प्रहरी उपरीक्षक दयानिधि ज्ञवाली र इलाका प्रहरी कार्यालय हरिवनका प्रमुख अनिलराज गिरीको टोली घटनास्थल पुगेको थियो ।
प्रहरीले घटना शङ्कास्पद देखिएको जनाएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा वृद्धाको हत्या भएको शङ्का लागेकाले अनुसन्धानका लागि एक युवकलाई समेत नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक ज्ञवालीले जानकारी दिए । घटनाका विषयमा थप अनुसन्धान भइरहेको उनको भनाइ छ ।
मृतक वृद्धाको अनुहारमा चोट देखिएको र नजिकै रगत लागेको अवस्थामा काठको टुक्रा पनि बरामद भएको प्रहरीले जनाएको हो ।
प्रहरीले सिसी क्यामेराका आधारमा अनुसन्धान गर्दा अन्दाजी २८÷३० वर्षका युवक पक्राउ परेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ । अनुसन्धान नसकिएकाले युवकको परिचय गोप्य राखिएको प्रहरीले जनाएको हो । वृद्धाको शव शवपरीक्षणका लागि जिल्लास्थित प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको प्रहरीले जनाएको छ ।

# वडा सदस्यको निधन

**रासस**
**राजविराज ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ का वडा सदस्य तथा गाउँपालिकाको न्यायिक समितिका सदस्य राजेन्द्रप्रसाद राय अमातको बुधबार निधन भएको छ । लामो समयदेखि बिरामी रहेका रायको विराटनगरस्थित विराट शिक्षण अस्पतालमा उपचारका क्रममा निधन भएको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् जोखिम न्यूनीकरण कार्यक्रम अधिकृत राजेशकुमार झाले जानकारी दिए ।
वडा सदस्य रायको ७० वर्षको उमेरमा निधन भएकोप्रति गहिरो दुःख प्रकट गर्दै गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलले दिवङ्गत आत्माको चिरशान्तिको कामना गरेको छ । न्यायिक समितिमा रही निजले न्याय सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको भन्दै अध्यक्ष मण्डलले शोक विज्ञप्ति जारी गरी रायको निधनले अपूरणीय क्षति भएको बताउनुभएको छ । गाउँपालिका तथा मातहतका कार्यालय (अति आवश्यक सेवाबाहेक) बुधबार बन्द रहने गाउँपालिकाले विज्ञप्तिमार्फत जनाएको छ । दिवङ्गत रायको दुई छोरा, दुई छोरी र श्रीमती छन् । दुवै छोरा विदेशमा रहेको र आएपछि मात्रै सद्गत गरिने वडा नम्बर ५ का वडा अध्यक्ष ललनप्रसाद राउतले बताए ।

# मुक्त हरवाचरवामैत्री 'बजेट पैरवी अभियान'




**रासस**
**जनकपुरधाम ।**
आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा मुक्त हरवाचरवाका सवाल सम्बोधन गर्न बजेट पैरवी अभियान सञ्चालन गरिने भएको छ । राष्ट्रिय मुक्त हरवाचरवा अधिकार मञ्चको अगुवाइमा स्थानीय, प्रदेश र सङ्घीय सरकारका नीति तथा कार्यक्रममा हालसम्म उठाउँदै आएका सवाल सम्बोधन गर्न पैरवी कार्यक्रम सञ्चालन गर्न लागिएको राष्ट्रिय मुक्त हरवाचरवा अधिकार मञ्चले जनाएको छ ।
त्यसका लागि बुधबारदेखि चैत २४ गतेसम्म मधेश प्रदेशका आठवटै जिल्लामा क्रियाशील जिल्लास्थित मुक्त हरवाचरवा अधिकार मञ्चले बैठक गरेर आवश्यकता पहिचान गरिने र सोही आधारमा सबै तहका सरकारको ध्यानाकर्षणका लागि कार्यक्रम सञ्चालन गरिने मञ्चका महासचिव लागिन्द्र सदाले जानकारी दिए । उनका अनुसार ती बैठकबाट पहिचान भएका सवाललाई एकीकृत गरी 'जनवकालत कार्ययोजना' बनाएर यहीँ चैत २८ गतेभित्रै स्थानीय हरवाचरवा अधिकार मञ्चको नेतृत्वमा मधेश प्रदेशका आठवटै जिल्लाका ३२ वटा स्थानीय सरकारलाई ध्यानाकर्षणपत्र बुझाइने छ ।
त्यसैगरी मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा सवाल सम्बोधन गर्न चैत २९ गते जनकपुरमा मधेश प्रदेशका मुख्यमन्त्री, प्रदेश सचिव, प्रदेश नीति तथा योजना आयोग र भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयलाई ज्ञापनपत्र पेस गरिने मञ्चका महासचिव सदाले बताए । यहीँबीचमा चैत २५ गते सङ्घीय सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणलगायत सरोकारवाला मन्त्रालय, निकाय र सङ्घसंस्थाको सहभागितामा जनवकालत कार्यशाला गोष्ठी आयोजना गरिने राष्ट्रिय दलित नेटवर्क, नेपालका कार्यकारी निर्देशक हुकुम सार्कीले बताए । बैठकपछि सङ्घीय सरकारको आगामी नीति तथा कार्यक्रममा मुक्त हरवाचरवाको सवाल सम्बोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय, राष्ट्रिय योजना आयोग र राष्ट्रिय मानवअधिकार आयोगमा ज्ञापनपत्र बुझाइने सार्कीले बताए । यसअघि सरकारद्वारा गठित मुक्तकमैया, हलिया, कमलरी र हरवाचरवाको वस्तुस्थिति अध्ययन समितिका सदस्य एवं अधिकारकर्मी गणेश विश्वकर्माले सरकारले २०७९ साउन २ गते बधुवाश्रमका रूपमा रहेका हरवाचरवा प्रथा मुक्तिको घोषणा गरे पनि पुनःस्थापनाका कार्यक्रम अगाडि नबढाउँदा समस्या भइरहेको बताए । त्यसका लागि दबाब दिन बजेट पैरवी अभियान गरिने उनले बताए । 'मधेशको यो ठूलो समस्याबारे सरोकारवालाको ध्यानाकर्षण गराउन पटकपटक दबाबमूलक कार्यक्रम भएका छन् । त्यसैको प्रतिफलस्वरुप मुक्तिको घोषणसमेत गरिएको छ तर पुनःस्थापनाका लागि ठोस कार्यक्रम तथा बजेटको व्यवस्था नहुँदा मुक्तहरवाचरवा फेरि समस्यामा पर्न थालेका छन् । त्यस विषयमा दबाब सिर्जना र सरकारको ध्यानाकर्षण गर्न यो अभियान सञ्चालन गरिने छ', उच्चस्तरीय भूमि आयोगका पूर्वसदस्य विश्वकर्माले भने ।

# लायन्स क्लबको महाधिवेशन हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्टले वीरगंजमा आफ्नो दोस्रो महाधिवेशनको आयोजना गर्ने भएको छ । लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक्टको महाधिवेशन आयोजक कमिटिले बुधबार वीरगंजमा पत्रकार सम्मेलनको आयोजना गरी आगामी चैत २४ गतेदेखि दोश्रो महाधिवेशन शुरु हुने महाधिवेशन आयोजक कमिटिका कन्भेनर लायन प्रकाश बाहेतीले जानकारी दिए ।
वीरगंज क्लार्क रिसोर्टमा हुन लागेको महाधिवेशनको सम्पूर्ण तयारी पूरा भइसकेको आयोजक कमिटिले जनाएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले महाधिवेशनको उदघाट्न गर्नु हुने जनाइएको छ । लायन्स क्लब इन्टरनेशनलको महाधिवेशनमा देशभरिबाट चार सय जना भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहने आयोजक कमिटिले जनाएको छ ।

# लागु औषधसहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले प्रतिबन्धित लागु औषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मकवानपुर हेटौंडा उपमहानगरपालिका वडा नम्बर १३ का २४ वर्षका सुभराज मोक्तान र वडा नम्बर ४ का २२ वर्षका निरज गोले रहेको प्रहरीले जनाएको छ ।
विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय अखलेखगन्ज र प्रहरी चौकी पथलैयाको संयुक्त टोलीले जितपुरसिमरा उपमहानगर पालिका वडा नम्बर २१ बाट लागु औषधसहित उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले चलाएको जाँच अभियानका क्रममा वीरगंजबाट हेटौंडातर्फ जाँदै गरेको ना ४३ प २०२ नम्बरको सुभराज मोक्तान सवार मोटरसाइकलको ट्यांकी भित्र लुकाइछिपाइ राखिएको अवस्थामा लागु औषध ओनेरेक्स १०० एमएलको ३९ बोत्तल फेला पारेको बारा प्रहरीले जनाएको छ । पक्राउ परेका दुबैलाई इलाका प्रहरी कार्यालय अखलेगन्जमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# बारामा धानको उत्पादनमा बृद्धि

**मधेशदृष्टि**
**बारा ।**
बारामा यस वर्ष धान उत्पादन बढेको छ । बाराका किसानले यस वर्ष दुई लाख ७१ हजार ६२ मेट्रिक टन धान उत्पादन गरेका छन् । गएको वर्ष दुई लाख ५० हजार मेट्रिक टन धान उत्पादन भएको थियो । किसानले यस वर्ष ६२ हजार २० हेक्टर क्षेत्रफलमा अग्हनी, भदैया र चैते धान रोपेका थिए । कृषि ज्ञान केन्द्र बाराका प्रमुख राजनारायणप्रसाद साहका अनुसार चालु आर्थिक वर्षमा अग्हनी धान ३४ हजार एक सय २० हेक्टरमा लगाइएकोमा एक लाख ३३ हजार आठ सय ९२ मेट्रिक टन उत्पादन भएको थियो ।
त्यसैगरी भदैया धान ११ हजार नौ सय हेक्टरमा रोपेर ५१ हजार एक सय ७० मेट्रिक टन फलाइएको थियो । चैते धान १६ हजार हेक्टरमा लगाइएकोमा ८० हजार मेट्रिक टन उत्पादन भएको थियो । धेरै किसानले खेतबाट नै धान बेचेका थिए । अग्हनी प्रतिक्विन्टल तीन हजार चार सय रुपैयाँ, भदैया प्रतिक्विन्टल दुई हजार नौ सय र चैते धान प्रतिक्विन्टल तीन हजार रुपैयाँमा बिक्री भएको थियो ।

# दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा मंगलबार राती भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । सखुवा प्रसौनी गाँउपालिका वडा नम्बर ६ लखनपुर स्थित हुलाकी सडकमा दुई वटा मोटरसाईकल एकआपसमा ठोक्किएर भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन् । तीव्र गतिमा रहेका मोटरसाईकल ठक्कर खाँदा भएको दुर्घटनामा दुवै मोटरसाईकलका चालक गम्भीर घाइते भएको र एक जनाको अस्पताल पुर्याउने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।
सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ६ स्थित लखनपुर र जगरनाथपुर गाउँपालिकाको बीचमा पर्ने प्रसौनी स्थित हुलाकी सडकखण्डमा ना ७ प २६०३ र प्रदेश २–०३००९ प ५३१५ नम्बरको मोटरसाईकल एकआपसमा ठक्कर खाँदा भएको दुर्घटनामा ना ७ प ५३१५ नम्बरको मोटरसाईकलका चालक पर्सा जिल्ला जगरनाथपुर गाँउपालिका वडा नम्बर ४ सुहपुर निवासी ३० वर्षीय हरिन्द्र चौधरीको उपचारका लागि अस्पताल लैजाने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए ।
त्यसैगरी सो दुर्घटनामा परी गम्भीर घाइते वीरगंज महानगरपालिका वडा नम्बर ३ छपकैया निवासी ४२ वर्षीय शेख जावेद आलमको नारायणी अस्पतालको आइसियुमा उपचार भइरहेको र उनको अवस्था पनि गम्भीर रहेको थापाले बताए । दुर्घटना लगतै स्थानीयबासी र प्रहरीले दुवै घाइतेलाई उद्धार गरी एम्बुलेन्समा राखेर उपचारका लागि वीरगंज पठाएका थिए ।

# वीरगंजमा पनि पठाओ सेवा विस्तार हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
राइड सेयरिङ व्यवसायमा लोकप्रिय कम्पनी पठाओले वीरगंजसहित थप १७ सहरमा 'बाइक राइड' सेवा विस्तार गर्ने भएको छ । मुलुकभर सेवा विस्तार गर्ने नीतिअनुसार बागमती प्रदेशको काठमाडौं उपत्यका र चितवनमा मात्रै सीमित पठाओको सेवा छिट्टै मधेश प्रदेशको वीरगंज र जनकपुरसहित थप १७ सहरमा उपलब्ध गराउन लागिएको पठाओ नेपालका प्रबन्ध–निर्देशक असिममान सिंह बस्न्यातले जानकारी दिए ।
राइड सेयरिङ सेवाको पर्याय बनेको पठाओको सेवा अब मधेश प्रदेशको वीरगंज र जनकपुरमा कोशी प्रदेशका विराटनगर, दमक, उर्लाबारी, विराटचोक, इटहरी, इनरुवा, धरान, बिर्तामोड, भद्रपुरमा उपलब्ध हुने बस्न्यातले बताए । त्यसैगरी, बागमती प्रदेशको हेटौँडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, नेपालगन्ज र भैरहवा तथा सुदूरपश्चिम प्रदेशको धनगढीमापनि पठाओको सेवा विस्तार हुन लागेको हो । भविष्यमा अन्य सहरमा पनि सेवा विस्तार गर्ने कम्पनीको योजना छ । बस्न्यातका अनुसार सेवा विस्तार गर्न लागिएका सहरमा बाइक राइडर दर्ताको प्रक्रिया पनि सुरु भएको छ ।

# पचास लाख मूल्यको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले भन्सार छलीको ५० लाख रुपैयाँ मूल्यको सामानसहित एउटा ट्रक नियन्त्रणमा लिएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १२ स्थित पावर हाउस चोकबाट ना ८ ख ३५४९ नम्बरको ट्रकसहित लत्ताकपडा, औषधी, खाद्यान्न सामाग्री नियन्त्रणमा लिएको हो । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले शंका लागि चेकजाँच गर्दा ट्रकबाट राजश्व छलेर ल्याइएको ४१ लाख ९३ हजार १० रुपैयाँ मूल्यको कपडा र खुद्रा सामानहरू बरामद गरिएको पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले जानकारी दिए । उक्त सामानसहितको ट्रक आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको उनले बताए ।
त्यसैगरी, प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर १६ रजतजयन्ती चोकमा भारतबाट भन्सार छलेर चोरी पैठारी गरी ल्याउदै गरेको ८ लाख १९ हजार रुपैयाँ मूल्यको कपडा, चिनी, सूर्ती तथा औषधी बरामद गरिएको डिएसपी थापाले बताए । ती सामानहरु आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको प्रहरी प्रवक्ता थापाले बताए ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

*थाहा नपाउन्जेलसम्म भ्रमले मानिसलाई निकै आनन्दित बनाउँछ ।*
*–भोल्तेयर*

## सम्पादकीय

# नसुध्रिएको वीरगंजको ट्राफिक व्यवस्थापन

*पहिले भन्दा वीरगंज अहिले सफा भएको छ । यसको मुहार, रंगरुप फेरिएको छ । परम्परा र संस्कृति झल्किने 'वाल पेन्ट' हामी ठाउँठाउँमा देख्नसक्छौँ । सबैलाई वीरगंज पहिले भन्दा सफा, सुन्दर र हराभरा देखिएको अभास भएको छ । दैनिक तीन पटक फोहोर उठाउने ट्याक्टर सहरको कुना कुनामा पुगेर सूचना बजाउँदै फोहोर बटुलिरहन्छ । वीरगंजका विभिन्न ठाउँमा पार्क बनेका छन्, फुटपाथ चौडा भएको छ । रातिमा उज्यालो हुने गरि सहर भरी झिलिमिलि बत्ति बालिएको छ । वीरगंज सहर पहिले भन्दा रंगिन बन्दै गएको छ । तर, सुन्दर सहर वीरगंजलाई अहिले पनि यहाँको ट्राफिक अस्तव्यस्तताले गिज्याइरहेको छ । यहाँका सर्वसाधारणमा सवारी कसरी चलाइन्छ भन्ने चेतनाको कमि देखिन्छ । सम्झाउँदा बुझाउँदा पनि केही दिन नियमअनुसार सवारी चलाउँछन्, पछि पारा पूरानै भएर जान्छ ।*

*पटक पटक कारबाहीमा परेपनि सचेत भएको पाइदैन । ती चाहे मोटरसाइकल चालक हुन् या ई–रिक्सा(अटो) चालक । बाँकी सवारी साधन चालकको पनि उस्तै नियत । वीरगंजमा लाइसेन्स नलिएर ई रिक्शा चलाउनेको संख्या बढेको छ । अटो सञ्चालन अहिले धेरै परिवारका लागि जीविकोपार्जनको बलियो माध्यम बनेको छ । वीरगंन महानगरपालिका, यातायात कार्यलय र ट्राफिक तीनवटै तहले ई–रिक्शा सञ्चालनलाई सुधार गर्न सकेका छैनन् । जथाभावीरूपमा ईरिक्शा सञ्चालन भएकाले वीरगंजको ट्राफिक समस्या बढ्दो छ । तोकिएको मापदण्ड पूरा गरी रूटमा सञ्चालन नहुने र जथाभावी सडकमा यात्रीहरू चढाउने, ओराल्ने र तोकिएका मापदण्डबाहेक पार्किङ गर्ने समस्याले वीरगंजको ट्राफिक व्यवस्था अहिले ईरिक्शाका कारण गिजोलिएको छ । त्यसबाहेक ग्रामिण क्षेत्रबाट आउने सवारीले गर्दा पनि वीरगंजमा सवारीको संख्या बढी हुने गरेको छ । तर, यसलाई नियमन र व्यवस्थानपन गर्ने निकाय भने कानमा तेल र आँखामा पट्टी बाधेर बसेको महसुस जनताले गर्न थालेका छन् । जसरी चलिरहेको छ चल्न देऊ, दुर्घटना भए पनि कसलाई के मतलब, ट्राफिक प्रहरीले जरिवानावापत राजस्व संकलन गरि नै रहेको छ ।*

*सवारीचालकले सवारीसाधन चलाउँदा अनावश्यक हर्न बजाउने, तीव्र गतिमा सवारीसाधन चलाउने र मोबाइल फोनको प्रयोग गर्ने जस्ता व्यवहार आमरूपमा देख्न पाइन्छ । यसै गरी कतिपय चालकले सवारीसाधन चलाएकै बेला पनि मादक पदार्थ तथा लागुऔषध सेवन गर्ने गरेको समेत भेटिन्छ । जेब्रा क्रसिङमा पैदल यात्रुलाई प्राथमिकता नदिने, सडक लेन उल्लङ्घन गर्ने तथा अव्यवस्थित पार्किङ गर्ने जस्ता व्यवहार वीरगंजवासीले भोगेकै छन् । यति मात्र होइन भाडाका सवारीले निर्धारित दरभन्दा बढी सवारी भाडा लिने, रोक्न नपाउने ठाउँमा यात्रु चढाउने तथा ओराल्ने, सवारीसाधनको नियमित रूपमा मर्मत तथा सरसफाइ नगर्ने जस्ता कारणले आमसर्वसाधारण तथा यात्रुले दुःख पाउने तथा ट्राफिक व्यवस्थापनमा समस्या आउने गरेको पाइन्छ । अर्कोतर्फ जेब्रा क्रसिङको प्रयोग नगरी जथाभावी बाटो काट्ने तथा जहाँ मनलाग्यो त्यहीँ चढ्न र ओर्लिन खोज्ने प्रवृत्ति पनि पैदल यात्रुमा छ । ट्राफिक व्यवस्थान गर्न र सवारीलाई नियम अनुसार चलाउन जनतामा जागरुकता फैलाउनु नै उत्तम विकल्प हो यसतर्फ विशेष जोड दिन आवश्यक छ ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# पदमा हुँदा मौनता पद खुस्किएपछि सक्रियता

*"गुगलमा मेडिकल माफिया भनेर खोजियो भने देखिने विशाल पण्डितबारे असारतिर पनि हामीले समाचार लेखेका थियौँ। असारको १० गते नै बाँकी एक सातालाई कोटेसनमा डेंगुको झोल किन्न कर्मचारीलाई दबाब दिएको, नकिने कर्मचारीको सरुवाको धम्की दिएको समाचार लेखेकै हौँ। यो समाचारमा पनि भित्री पाटो यिनै पण्डित थिए। पछि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्ति प्रकरणमा पनि हामीले मुख्यमन्त्रीको रुचि र स्वास्थ्यमन्त्रीको रुचि फरक अनुहार भएको र यसमा पनि मेडिकल माफिया विशाल पण्डितको रोजाइका व्यक्ति आउनेछन् भनेर लेखेका थियौँ। लामो समयसम्म उपकुलपति नियुक्ति गर्न स्वास्थ्यमन्त्री वीरेन्द्र सिंहले चाहेनन्।"*



**जो आज्ञा**
**रामकुमार एलन**



सत्ता छाडेको केही दिन नबित्दै मधेश प्रदेश सरकारका पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र सिंहले मुख्यमन्त्री सरोजकुमार यादवलाई लामो विवरणसहितको ज्ञापन पत्र बुझाए। उनले मधेशका जनताको हितका निम्ति स्वास्थ्य क्षेत्रमा गरिनु पर्ने कामहरुबारे लामो फेहरिस्तसहित मुख्यमन्त्री यादव भेटेर ज्ञापन पत्र बुझाए। ओहो, नेता हुनु त यस्तो ? मधेशी जनता, मधेशको स्वास्थ्य र सरकारी अकर्मण्यताप्रति एउटा युवा नेताको कत्रो चासो, चिन्तन, चेतना ? यस्तै नेताहरु दुई चार जना मात्रै भए मधेश सरकारको लोकप्रियता कहाँ पुग्थ्यो होला ? यस्तै नेता मधेशमा चाहिएको छ। झट्ट हेर्दा यस्तै लाग्छ। सबैले वाह ! नेताजी पनि भन्छन्।
वीरेन्द्र सिंहले स्वास्थ्यमन्त्री छाडेको दुई साता नपुग्दै गरेको मधेशको स्वास्थ्यको चिन्ता उनी कुर्सीमा बस्दा चैँ किन गरेनन् ? सोच्ने विषय चैँयो हो। हुँदाखाँदाको बायोमेडिकल इञ्जिनियरलाई अन्यत्र सरुवा गरेर करारमा परामर्शदाताका रुपमा बायोमेडिकल इञ्जिनियर नियुक्त गरेर एउटा मात्र कम्पनीलाई ठेक्का दिन मिल्ने गरी गरिएको सिटी स्क्यान प्रकरणमा मन्त्री सिंह मौन बस्नुको अर्थ के थियो ? के प्रकाश सपूतले गाएको गीत जस्तै थियो त ? 'गलबन्दी च्यातियो तिम्ले तानेर'मा दोहोरीका तीन चार तुक्का गाउँदासमेत केटीको जवाफ नआएपछि प्रकाश सपूतले भनेका छन्, 'कि मुखैमा पिडालु राखिछौ ?' समाज बिग्रेको नराम्रो मान्छेको संख्या धेरै भएर होइन, राम्राहरुले समयमा बोल्ने र खबरदारी नगरेर हो। सिंगो मधेश हल्लाउने गरी सिटी स्क्यान प्रकरणले तरंग ल्यायो।
मिडियाको रत्नपार्कमा सबै भिड पत्रकारको देखिए पनि यो समाचार लगातार मधेशदृष्टिले छापिरहँदा राजनीतिक दलका २४ क्यारेटका सुनका र चम्किला चाँदीका 'चम्चा'हरुले 'मानसिक सन्तुलन' गुमेको, 'सपनामा बर्बराए'को भनेर फेसबुकमा गाली लेखेर आकाशतिर फर्केर धोको पुग्ने गरी थुके। सायद त्यो थुकले उनीहरुलाई कैयौँ दिन मुख धुन पानी पनि चाहिएन होला, मुख गजबसँग तातो भयो होला, चिल्लो भयो होला रामजाने। तर उठाइएको विषयबस्तुमा मुख्यमन्त्रीको कार्यालयमा उजुरी दर्ता भएको छ। प्रदेश लेखा समितिमा उजुरी परेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दर्ता भएको छ। बोल्नु पर्ने मधेशी नेता, जिम्मेवार बुद्धिजीबी नेताहरुले समयमा बोलेनन्। उनीहरुले आफ्ना चम्चा चलाए। चम्चाले भाँडो रित्तिने हो। डुंगा डुब्दा सबैभन्दा पहिला मुसा हाम्फाल्छन्। जबकि डुंगाबाट मुसा हाल्फाल्दा पनि डुब्ने नै हो, डुंगा डुब्दा पनि डुब्ने नै हो। यस्ता अकल्पनीय अनुहारहरुले फोनमा फुसफुस गरे कि, 'उनीहरु भनिरहेका थिए, लेखिएको समाचार गलत थिएन तर समाचार नलेखिदिनोस् ।' ती महान बुद्धिजीबीहरु, जो केही ज्ञात छन्, केही अज्ञात छन्। साँच्चै मधेशलाई माया गर्छन् कि माफियालाई, कुनै दिन नामसहित लेख्ने नै छु।
गुगलमा मेडिकल माफिया भनेर खोजियो भने देखिने विशाल पण्डितबारे असारतिर पनि हामीले समाचार लेखेका थियौँ। असारको १० गते नै बाँकी एक सातालाई कोटेसनमा डेंगुको झोल किन्न कर्मचारीलाई दबाब दिएको, नकिने कर्मचारीको सरुवाको धम्की दिएको समाचार लेखेकै हौँ। यो समाचारमा पनि भित्री पाटो यिनै पण्डित थिए। पछि मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्ति प्रकरणमा पनि हामीले मुख्यमन्त्रीको रुचि र स्वास्थ्यमन्त्रीको रुचि फरक अनुहार भएको र यसमा पनि मेडिकल माफिया विशाल पण्डितको रोजाइका व्यक्ति आउनेछन् भनेर लेखेका थियौँ । लामो समयसम्म उपकुलपति नियुक्ति गर्न स्वास्थ्यमन्त्री वीरेन्द्र सिंहले चाहेनन्। जब फागुन २३ गते केन्द्रमा गठबन्धन भत्कियो, अघिल्लो दिनसम्म प्रधानमन्त्रीले रिकापीमा कफीले स्वागत गर्ने कांग्रेस सभापति फ्याँकिए। त्यसपछि मधेशमा कामचलाउ भइसकेका र बर्खास्तमा पर्ने बेला स्वास्थ्यमन्त्रीले उपकुलपति नियुक्त गरे। हामीले जे लेखेका थियौँ, त्यही अनुसार नै नियुक्ति भयो। जुन नैतिक हिसाबले गलत थियो। गइसकेको कुर्सीले यस्तो महत्वपूर्ण निर्णय गर्नु आर्थिक लाभ र चलखेलबाहेक केही थिएन। कांग्रेसकै भौतिक पूर्वाधार मन्त्रालयबाट कांग्रेसका नेता, कार्यकर्ता, ३ पत्रकारका नाममा धमाधम कार्यादेश बाँडिएको समाचार मधेशदृष्टिले छापेको छ। कांग्रेसले खण्डन गरेको छैन । चोकचोतारामा गाली गर्दै हिँडेर र केही चम्चाहरुले फेसबुकमा वान्ता गरेको अभिलेख पत्रिका अफिस, प्रेस काउन्सिल, मधेशका मिडिया काउन्सिल र आमसञ्चार प्राधिकरणमा पनि पक्कै राख्ने प्रचलन आइसकेको छैन। समाचार गलत थियो भने खण्डन त पक्कै आउँथ्यो, फोन त पक्कै आउँथ्यो।
यिनै विशाल पण्डितका तीन वटा समाचार लेखिएपछि को रहेछन् त यि भलाद्मी माफिया भनेर एक बिहान फोन गरेँ। रेकर्ड पनि छ। उनले भने, 'म सोमबारतिर विज्ञप्ति निकाल्छु, पढ्नुहोला ।' उनले निकालेको विज्ञप्ति पढ्न पाइएन, चम्चाहरुले पनि फेसबुकमा हालेको स्क्रिन सट आएन। सायद पण्डितको विज्ञप्ति निकाल्ने सोमबार पनि आएन। यसपटक मन्त्री छाडेको केही दिनमै पूर्वमन्त्रीले मुख्यमन्त्री भेटेर ज्ञापन पत्र दिनु र विशाल पण्डितले चैँ उजुरीकर्तालाई केही दिन मौन बसिदिनु, काम बन्दैछ, अरु काममा साझेदारी गरौँला भनेको समाचार फेरि मधेशदृष्टिमा छापियो। विभागीय मन्त्रीको कुरा पनि छापिएको छ। मधेशको पैसा हो, मधेशको कर हो। माफियालाई दिउन् कि रोकून् ? तर सेतोलाई सेतो र कालोलाई कालो भन्न कोही कसैको भिड देखेर डराउनु पर्ने दिन आइसकेको छैन। मिडियालाई सबै दबाउन खोज्छन्। अस्ति भर्खर गृहमन्त्री भएपछि रवि लामिछानेको फर्मान पनि पढियो। पत्रकारलाई सिडिओले बयान लिन सक्ने कुरा विरोध गरियो। उनी तुरुन्तै पछि हटे।
बेथिति र विकृतिमा खोजिखोजी प्रहार गरिरहेका छौँ। तर भन्नैपर्छ, 'माफियाले नेता बनाउने, मन्त्री बनाउने, कर्मचारी सरुवाबढुवा गर्ने काम त गरिरहेकै छन् । यसको विरोध गर्नु पर्नेमा पदमा पुगेपछि मधेशी जनताको निरीह अनुहार बिर्सेर माफियाको पाउ पर्नु पर्ने बाध्यता के हो मन्त्रीहरुको, मन्त्रीको सचिवालयमा बसेकाहरुको ?' माफियाको होटलमा साँझको निःशुल्क खाना र एकरात सुताएको भरमा किन हाम्रा मन्त्रीका स्वरहरु माफियाको जस्तै सुनिन थालियो, जाँचपड्ताल जारी छ। समय आएपछि लेखिने नै छ। जनताले पनि धेरै मुखमा पिडालु हालेर बस्ने छैनन्। पिडालु फालेका दिन जनता बोले भने नेताहरुको बोली पक्कै बन्द हुनेछ।

# गोपनीयता राख्ने गुगलको प्रतिबद्धता

*"अदालतमा गुगलले बुझाएको प्रतिवेदनमा गुगलमा सङ्ग्रह भएको व्यक्तिका डेटालाई हटाउन वा नचिनिने बनाउन करिब ५ अर्ब डलर खर्च हुने अनुमान गरिएको छ। भर्जका अनुसार यो सम्झौताले वास्तविक जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने र इन्टरनेटमा रहेको गोपनीयताको अधिकारलाई सुधार गर्ने र कायम राख्ने दिशामा महत्वपूर्ण कदमको रूपमा रहेको छ।"*




लोकप्रिय अनलाइन सर्च इन्जिन गुगलले व्यक्तिको गोपनीयता कायम गर्ने सम्बन्धमा 'इन्कोग्निटो' (इन्कोग्निटो भनेको व्यक्तिले गरेको गतिविधि डेटा उपकरणमा सुरक्षित गरिएको वा साइन इन नगरेको खातामा राखिएको छैन भन्नु हो) मोडबाट इन्टरनेट ब्राउजिङ गर्दा डाटा सङ्ग्रह गरिएको छ भन्ने चासोबीच त्यसलाई सुरक्षित गर्न आफूहरु तत्पर रहेको जानकारी दिएको छ।
'ब्राउन–गुगल' को मुद्दामा सोमबार भएको सम्झौतामा 'इन्कोग्निटो मोड' मार्फत् सङ्कलन गरिएका वेब ब्राउजिङ डाटाका अरबौं रेकर्डलाई नष्ट गर्ने प्रावधानहरू समावेश गरिएको 'द भर्ज' (द भर्ज भनेको पत्रकारहरूको टोली हो जसले भविष्यमा कसरी प्रविधिले जीवन परिवर्तन गर्नेछ भनेर जाँच गर्दछ) को प्रतिवेदनले उल्लेख गरेको छ । साथै भर्जले इन्कोग्निटो मार्फत् गैरकानूनी रूपमा गुगलका प्रयोगकर्ताहरुका गतिविधिहरू अनलाइन ट्र्याक गरिरहेको आरोप सन् २०२० मा लगाएको थियो।
गुगलका प्रवक्ता जोजे कास्टानेडाले ब्राउनका तर्फबाट पाँच अर्ब अमेरिकी डलरको बिगो माग गरिए पनि न्यायाधीशको फैसलाबाट ब्राउनले कुनै क्षतिपूर्ति भने नपाउने बताए। कास्टानेडाले अगाडि भने, 'गुगलको इन्कोग्निटो मोडमा डाटा सङ्कलन गर्ने अभ्यासहरूका सम्बन्धमा थप पारदर्शिता ल्याउने र भविष्यमा डाटा सङ्कलन गर्ने प्रयासहरूमा यसले सीमा लगाउने छ।'
क्यालिफोर्निया सङ्घीय न्यायाधीशले यो मुद्दालाई अनुमोदन गरेमा यसबाट करिब १३ करोड ६० लाख गुगल प्रयोगकर्ताहरूलाई असर गर्न सक्छ। अदालतमा गुगलले बुझाएको प्रतिवेदनमा गुगलमा सङ्ग्रह भएको व्यक्तिका डेटालाई हटाउन वा नचिनिने बनाउन करिब ५ अर्ब डलर खर्च हुने अनुमान गरिएको छ। भर्जका अनुसार यो सम्झौताले वास्तविक जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने र इन्टरनेटमा रहेको गोपनीयताको अधिकारलाई सुधार गर्ने र कायम राख्ने दिशामा महत्वपूर्ण कदमको रूपमा रहेको छ।
गुगलका प्रवक्ता कास्टानेडाले यो मुद्दा योग्य नरहेकामा जोड दिँदै सम्झौताप्रति सन्तुष्टि व्यक्त गरे । मध्यस्थता सम्झौताका लागि उजुरीकर्ताका तर्फबाट पाँच अर्ब अमेरिकी डलर राखिए पनि उनीहरूले कुनै क्षतिपूर्ति नपाउने कास्टानेडाले स्पष्ट गरे। तर कुनैपनि व्यक्तिले आफूलाई नोक्सानी भएको भन्दै क्षतिपूर्ति दाबी गर्न सक्ने बताए। कम्पनीले प्रयोगकर्ताहरूलाई पाँच वर्षसम्म इन्कोग्निटो मोडमा रहेका कुकीहरू ब्लक गर्न सक्षम बनाउने वाचा गर्दै प्रवक्ताले ब्राउजिङका क्रममा प्रयोगकर्ताहरूको निगरानी गर्नबाट रोकिने उनले बताए। यो सहमतिसँगै व्यक्तिहरूलाई क्यालिफोर्निया राज्यको अदालतमा मुद्दा दायर गर्न बाटो खुलेको छ। यसअघि नै ५० जनाले गोपनीयता हनन् भएको जनाउँदै मुद्दा दायर गरिसकेका छन्। गुगलले प्रयोगकर्ताको गोपनीयताको इन्कग्निटो मोड प्रयोग गर्दा व्यक्तिगत प्रयोगकर्तासँग सम्बन्धित नभएको पुरानो प्राविधिक डेटा मेटाउन आफ्नो तत्परता रहेको जानकारी गराएको छ । प्रयोगकर्ताको गोपनीयता अधिकारहरूलाई बलियो बनाउन र डिजिटल क्षेत्रमा अझ बढी जवाफदेहितालाई बढावा दिनका लागि यो महत्वपूर्ण कदम हुने उनले बताए। एएनआई

# ‘निर्वाचनअघि गठबन्धन गर्नुहुन्न’



‘पछिल्ला दुई आमनिर्वाचन सकिँदा नसकिँदै हामीले अवलम्बन गरेको समानुपातिक निर्वाचन प्रणालीबारे विभिन्न कोणबाट टीकाटिप्पणी भएको सुनिएको छ । सबै जातजाति र समुदायलाई समेट्ने निर्वाचन प्रणाली यही हो जस्तो लाग्छ । हुनतः समानुपातिक प्रतिनिधित्व राष्ट्रियसभाबाट पनि गराउन सकिन्छ । राष्ट्रिय बहसको मुद्दा भएकाले यस्ता विषय साझा सहमतिका आधारमा छिनोफानो गर्नुपर्छ ।’

देवीप्रकाश भट्टचन, प्रतिनिधिसभा सदस्य

**सांसद मोहन आचार्यको परिचय**

*ललितपुर जिल्ला गोदावरी–३ टौखेलका स्थायी बासिन्दा सांसद देवीप्रकाश भट्टचन २०७९ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को आदिवासी जनजाति समूहबाट समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएका हुन् । विसं २०४३ मा तत्कालीन युवक सङ्गठन धवलागिरि अञ्चल सहसंयोजक भई राजनीतिमा प्रवेश गर्नुभएका उहाँ २०४८ सालको आमनिर्वाचनमा बागलुङबाट स्वतन्त्र उम्मेदवार बने । विसं २०७९ मा स्थानीय तह निर्वाचनमा बागलुङ जिल्ला विकास समिति सदस्यमा निर्विरोध भएका भट्टचनको २०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कांग्रेसको तर्फबाट समानुपातिक सूचीमा नाम समावेश भएको थियो ।*

रासस
काठमाडौँ ।

पछिल्ला वर्षहरूमा सत्ता साझेदारीमा भएको फेरबदलले कानुन निर्माण प्रभावित भएको छ । राजनीतिक दलको अभ्यास गठबन्धन सरकार बनाउने, त्यसलाई जोगाउने र भत्काउने चक्रमा घुमिरह्यो । विसं २०६२÷६३ का परिवर्तनकारी प्रमुख शक्ति नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बीच मूलभूत कानुन निर्माणमा न्यूनतम सहमति हुनुपथ्र्या◌े । त्यो नहुँदाको परिणाम कानुन निर्माणले आशातीत गति प्राप्त गर्न सकेन । प्रमुख शक्तिबीच सरकार निर्माणमा होइन, कानुन निर्माणमा भने साझा सहमति र गठबन्धन अझै जरुरी देख्छु ।

नेपाल पछिल्लो समय मिश्रित निर्वाचन प्रणालीमार्फत संसदीय प्रणालीलाई परिस्कृत गरी अघि बढिरहेको छ । यो निर्वाचन प्रणालीमा कसैको स्पष्ट बहुमत नआउने कुरा अभ्यासले देखाइसकेको छ । चुनावमा गठबन्धन गरिँदा संवैधानिक अड्चनको◌े खतरा हुन्छ भन्ने लाग्छ । त्यसैले निर्वाचनअघि गठबन्धन गर्नुहुन्न भन्ने मेरो स्पष्ट मान्यता छ । निर्वाचन अगाडिको गठबन्धनले समानुपातिक समावेशी सिद्धान्त र महिलाको ३३ प्रतिशत प्रतिनिधित्वको बाध्यकारी व्यवस्थामा संवैधानिक सङ्कट ल्याउने देखिन्छ । यो विषय राजनीतिक दलको आन्तरिक जीवनमा निरन्तर उठ्दै आएको छ । राजनीतिक निर्णय र कानुन निर्माणका समयमा यस्ता विषयमा दूरदृष्टि पुर्याउनुपर्छ । हाम्रा अभ्यास पनि असल दिशातर्फ उन्मु◌ुख हुनुपर्छ । सङ्घीय संसद्ले गत डेढ वर्षमा कानुन निर्माणमा खासै प्रगति गर्न सकेन । यस बीचमा नागरिकता र मिटरब्याज पीडितसम्बन्धी केही कानुनमात्र निर्माण गरियो । संसद्को हिउँदे अधिवेशनमा विधेयक र वर्षे अधिवेशनमा नीति तथा कार्यक्रम तथा बजेटसम्बन्धी विषयमा केन्द्रित भएर छलफल गरिँदै आएको छ । मुलुक उच्चकोटीको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छ । पछिल्ला दुई आमनिर्वाचन सकिँदा नसकिँदै हामीले अवलम्बन गरेको समानुपातिक निर्वाचन प्रणालीबारे विभिन्न कोणबाट टीकाटिप्पणी भएको सुनिएको छ । सबै जातजाति र समुदायलाई समेट्ने निर्वाचन प्रणाली यही हो जस्तो लाग्छ । हुनतः समानुपातिक प्रतिनिधित्व राष्ट्रियसभाबाट पनि गराउन सकिन्छ । राष्ट्रिय बहसको मुद्दा भएकाले यस्ता विषय साझा सहमतिका आधारमा छिनोफानो गर्नुपर्छ ।

उदाहरणका लागि दक्षिण अफ्रिकामा नेल्सन मण्डेलाको उदयपछि अश्वेत समुदायको बर्चश्वको अवस्थामा पनि सहमतिको सरकार र कानुन निर्माणमा साझा अभ्यासबाट छोटो समयमै प्राप्त नतिजालाई लिन सकिन्छ । कानुन तर्जुमाको मुलभूत जिम्मेवारी पूरा भएपछि अर्को◌े निर्वाचनदेखि बहुमतीय सरकार गठन गर्ने त्यहाँ भएको सहमतिले सङ्क्रमणलाई छोव्याएर दक्षिण अफ्रिका आर्थिक प्रगति र समृद्धिको बाटोतर्फ उन्मुख भयो । जुन घटनाले मण्डेललाई नोबल शान्ति पुरस्कार दिलायो । नेपालमा पनि त्यसको अनुशरण गर्दै प्रमुख शक्तिबीच शान्ति सम्झौताको आधारमा सङ्घीयता कार्यान्वयनसम्बन्धी सम्पूर्ण कानुन नबनेसम्म सहमतिको सरकार गठन हुनुपथ्र्या◌े । त्यसमा केही कमजोरी भयो भन्ने लाग्छ ।

निर्वाचनमा जसले धेरै सिट जित्छ उसलाई प्रधानमन्त्री, बाँकी अरुलाई क्रमशः सभामुख, राष्ट्रियसभा अध्यक्ष र अरु महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी बाँडफाँट गरी मुलभूत कानुन निर्माण नभएसम्म मिलेर गइदिएको भए देश राजनीतिक अस्थिरताको भुमरीमा पर्दैन थियो । नेपालको समाज र परिवेशले निर्वाचित सांसदप्रति जनताका केही चासो, गुनासा र माग हुन्छन् । निर्वाचनका बेला उनीहरूसँग गरेको कबुल र उठाइएका सबै मुद्दा सम्बोधन गर्न सकिने अवस्था छैन । तर पनि पहलकदमी गर्नुपर्ने बाध्यात्मक अवस्था छ । त्यो अभ्यास अन्त्यका लागि सङ्घीय सांसद कानुन निर्माणमा सीमित हुनुपर्छ भने प्रदेश र स्थानीय तह विकास निर्माणको काममा लाग्नुपर्छ । त्यसरी अघि बढ्न सके सांसदले फाइल बोकेर मन्त्रालय र विभाग धाउने अवस्थाको अन्त्य हुन्छ । अर्कोतर्फ सदनमा कोरमसम्बन्धी खासै समस्या नभए पनि संसदीय समितिमा भने त्यो प्रखर रूपमा देखिन्छ । विषयगत समितिका बैठकमा अनलाइनबाट पनि सहभागी हुने व्यवस्था भएको खण्डमा त्यो समस्या हल हुन्छ । कोरम पुर्याउन सजिलो हुन्छ । बिहान १० बजे बोलाइएको २८ सदस्यीय संसदीय समितिमा १४ जना उपस्थित भए कोरम पुग्नेमा दिउँसो १२ बजेसम्म पनि न्यूनतम आवश्यक संख्या पुग्दैन । यो एउटा गम्भीर समस्याका रूपमा रहेको छ । व्यक्तिगत रूपमा मलाई भ्रष्टाचार कहाँ, कसरी हुन्छ भन्ने जानकारी छैन । हाल अभ्यासमा रहेको निर्वाचन प्रणालीले पनि केही मलजल गरेको हो कि भन्ने लागेको छ । सदनमा एकजना माननीयले अघिल्लो निर्वाचनमा रु एक करोड खर्च गरेकामा अहिले पाँच करोड रुपैयाँ खर्च गर्नुपर्यो भन्नुभयो, त्यो वास्तविक नै थियो भन्ने लाग्छ । हो, निर्वाचन निकै महँगो भयो । कार्यकर्ताको खाना र चुनावको बेला गाडीघोडा प्रयोग हुने खर्च निकै ठूलो छ । अमेरिकाको राष्ट्रपतिदेखि अन्य सबै निर्वाचनमा ठूलो रकम खर्च भएको देखिन्छ, जुन रकम व्यक्ति स्वयं एवं कार्यकर्ता र शुभेच्छुकबाट चन्दामार्फत प्राप्त हुँदोरहेछ । त्यहाँ सांसदमध्येबाट मन्त्री बनाइनुपर्छ भन्ने बाध्यता छैन । यहाँ चुनाव जितेपछि मन्त्री हुने र खर्च भएको पैसा असुल्ने धन्दाले पनि निर्वाचनमा खर्चको होडबाजी नै चल्न थालेको भान हुन्छ । सांसदमध्येबाट मन्त्री हुने प्रावधान हटाएमा पैसाको चलखेल कम हुन्छ भन्ने लाग्छ ।

पछिल्ला दिनमा राजनीतिले स्थिरता नपाउँदा नेताहरूप्रति जनताको विश्वासमा क्षयीकरण भएको छ । विदेशमा मेहनती, विश्वासिलो र अनुशासित व्यक्तिको पहिचान नेपालीले प्राप्त गरेका छन् । युवा विद्यार्थीको विदेश पलायन रोक्न मुलुकमा औद्योगिकीकरण र उच्च शिक्षा यहीँ दिलाउन व्यवस्था गरिएको खण्डमा विदेश जानेको संख्या घटाउन सकिन्छ भन्ने लाग्छ । ‘वर्किङ भिसा’मा विदेश जाने नेपालीले पैसा पठाएर देशको अर्थतन्त्रमा ठूलो योगदान पुर्याइरहेका छन् । देशमा रोजगार नभएको अवस्थामा विदेश नगएर के गर्ने त ! नेपालमा गर्न सक्ने भनेको कृषि र पर्यटन हो । कृषिमा लगानी धेरै, प्रतिफल थोरै छ । दुःखअनुसारको नाफा छैन । अहिले गाउँमा पनि खानपिन र रहनसहनमा सहरको हावा परेको छ । मेहनतको पाटो कमजोर छ, जसरी भए पनि विदेश जाने र पैसा कमाउने भन्ने सोच जबर्जस्ती रूपमा अघि बढिरहेको छ । खाडीबाहेकका अरु देशमा गएका मध्ये ठूलो संख्या स्वदेश फर्कने देखिन्न । यो मुलुकका लागि दुर्भाग्यको कुरा हो । देश विकास होस् वा जनतालाई खुसी बनाउन सबैभन्दा ठूलो भौतिक संरचना तयार हुनुपर्छ । उद्योगधन्दा खोलिनुपर्छ । त्यसबाट जनताले रोजगारी पाउँछन् । त्यो नभएसम्म विकास र समृद्धि सम्भव छैन । मुलुकमा सडक, सुरुङ र विमानस्थलजस्ता पूर्वाधार निर्माणले रोजगारी दिने र आफ्ना उत्पादन खपत हुने अवस्था रहन्छ ।

आर्थिक अवस्था चलायमान गर्न राज्यले भौतिक संरचनामा प्रशस्त लगानी गर्नुपर्छ । त्यसो भएमा समृद्धि प्राप्त हुन्छ । उदाहरणका लागि, उत्तर र दक्षिणका छिमेकी मुलुकलाई हेर्न सकिन्छ । विकासका लागि दूरदृष्टिसहितको योजना र रणनीति चाहिन्छ । देशको ठूलो हिस्सा कृषिले ओगटेकाले यस क्षेत्रको विकासमा नै हाम्रो सम्पूर्ण सामथ्र्य प्रयोग हुनुपर्छ ।

# ‘मिटरब्याजी शोषण अन्त्यको पहलकदमी ऐतिहासिक’



**रासस**
**काठमाडौँ ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले वैदेशिक रोजगारीमा रहेका तथा स्वदेशमै रहेका श्रमिकको अधिकार संरक्षणका साथै मिटरब्याज लगायतका सामन्ती शोषणको चक्र अन्त्य गर्न सरकारले ऐतिहासिक पहलकदमी लिएको बताएका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपाल सरकारको आर्थिक वर्ष २०७९र८० को वार्षिक प्रतिवेदन पेस गर्दै प्रधानमन्त्री दाहालले सुशासनका कैयौँ मानक स्थापित गर्न सरकार सफल भएको बताए । उनले भने, ‘नागरिकता, राहदानी, लाइसेन्स, विदेशमा अध्ययनका लागि ‘नो अब्जेक्सन लेटर’ लगायत सेवाका लागि घण्टौँसम्म लाइन लाग्नुपर्ने अवस्थाको अन्त्य गरिएको छ ।’

राज्यले नागरिकलाई प्रदान गर्दै आएका सेवाप्रवाह थप प्रभावकारी, झन्झटमुक्त र सहज बनाई राज्यबाट प्रवाह हुने सेवामाथि सबैको पहुँच पु¥याउन आफू नेतृत्वको सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री दाहालले स्पष्ट पारे । गत शैक्षिक सत्रदेखि विद्यालयमा भर्नासँगै विद्यार्थीहरूका हातमा पाठ्यपुस्तक पुग्ने अवस्था सुनिश्चित भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले बाली लगाउने समयमा किसानलाई मल अभाव हुने विगतको अवस्था समेत अन्त्य गरिएको बताए । उनले भने, ‘मल खरिद एवं आपूर्ति व्यवस्थापनमा बजेटको अभाव हुन नदिने गरी चालु आर्थिक वर्षका लागि समेत बजेट सुनिश्चित गरिएको छ ।’ संविधानले व्यवस्था गरेका मौलिक हकहरूको कार्यान्वयन तथा सङ्घीयता संस्थागत गर्न आवश्यक पर्ने कानुन तर्जुमाको प्रक्रियालाई तीव्ररूपमा अगाडि बढाइएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले सामाजिक न्याय स्थापना गर्न संविधानले निर्दिष्ट गरेका सिद्धान्त कार्यान्वयनलाई सरकारले प्राथमिकतामा राखेको बताए । ‘यस अवधिमा सङ्घीय लोकतान्त्रिक शासन प्रणालीलाई थप सबल बनाउन प्रतिनिधिसभा तथा प्रदेशसभाको दोस्रो कार्यकालको निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न भएको छ,’ प्रधानमन्त्री दाहालले भने, ‘सिंहदरबारको अधिकार गाउँगाउँमा पु¥याउने राजनीतिक सङ्कल्पअनुसार वित्तीय प्रबन्ध एवं शासकीय अधिकारलाई तीनवटै तहमा न्यायपूर्णरूपमा हस्तान्तरण गर्न सरकार प्रतिबद्ध रहेको छ ।’

वित्तीय सङ्घीयता कार्यान्वयनका लागि सरकारले पारदर्शी र वस्तुनिष्ठ आधारमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी वित्तीय हस्तान्तरण गर्ने व्यवस्था गरेको बताउँदै प्रधानमन्त्री दाहालले तीनै तहको कार्यविस्तृतीकरण परिमार्जन गरी स्पष्ट बनाउने विषयलाई पनि उच्च प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी गराए । देशको समग्र विकासमा निर्णायक महत्व राख्ने जलविद्युत् क्षेत्रको विकासमा उल्लेखनीय सुधार भएको बताउँदै प्रधानमन्त्री दाहालले यस अवधिमा विद्युत् उत्पादन र प्रसारण लाइन विस्तारसँगै अन्तरदेशीय विद्युत् व्यापारका लागि बलियो आधार तयार गर्न सरकार सफल भएको स्पष्ट पारे । सरकारले गरेका घनिभूत प्रयासका कारण देशको आर्थिक अवस्था लयमा फर्किएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अधिकांश आर्थिक सूचकाङ्कहरू सकारात्मक बन्दै गएको बताए । ‘देशभित्र लगानी वृद्धि गर्न, उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्न र समृद्धि, सुशासन र सामाजिक न्यायको लक्ष्य पूरा गर्न थप मेहनत गर्नुपर्नेछ,’ प्रधानमन्त्री दाहालले भने, ‘त्यसका लागि सरकार सचेत र प्रतिबद्ध छ ।’ आम नागरिकको विकास र समृद्धिको आकाङ्क्षालाई यथाशीघ्र पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै प्रधानमन्त्री दाहालले सीमित स्रोतसाधनको अधिकतम उपयोग गरेर संविधानले परिलक्षित गरेका नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने स्पष्ट पारे । ‘जनतामा राजनीतिक परिवर्तनको अनुभूति हुनेगरी राज्यका कामकारबाही सञ्चालन भएमा मात्र संविधानको वास्तविक कार्यान्वयन हुनेमा सरकार दृढ छ’ प्रधानमन्त्री दाहालले भने, ‘संविधानको मर्मलाई ध्यानमा राखेर सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई मूल मार्गचित्रका रूपमा लिई अगाडि बढको छ ।’

**राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनमा जोड**

राष्ट्रपति रामचन्द्र पौडेलले राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको प्रभावकारी कार्यान्वयनबाट मात्र मुलुकमा दिगो शान्ति, सुशासन, सामाजिक न्याय, समतामूलक समाज निर्माण, विकास र समृद्धिको संवैधानिक उद्देश्य प्राप्त गर्न सकिने बताएका छन् । राष्ट्रपति पौडेलले संविधानबमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका काम र उपलब्धिसहितको आर्थिक वर्ष २०७९र८० को वार्षिक प्रतिवेदन एवं सुशासन (व्यवस्थापन तथा सञ्चालन ) ऐन बमोजिमको वार्षिक प्रतिवेदन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’बाट बुधबार बुझ्दै यसको कार्यान्वयनको लागि सरकारको तदारुकता आवश्यक रहेको बताए ।

‘उपलब्ध स्रोत साधनको परिचालन गरी राज्यका निर्देशक सिद्धान्तद्वारा निर्देशित भई नीतिहरूको तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा आर्थिक समृद्धि हासिल हुने र यसबाट नागरिक अधिकारको उपभोग गर्नसमेत सहज हुने हुँदा यसतर्फ सदैव सरकारको ध्यान जानेनै छ भन्ने विश्वास लिएको छु’, राष्ट्रपति पौडेलले भने । राष्ट्रपति पौडेलले सरकारले संविधानको प्रस्तावनामा उल्लेखित मूलभूत मर्म र भावना एवं राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वसम्बन्धी संवैधानिक व्यवस्थालाई विशेष ध्यान दिई राज्य सञ्चालनमा लागू गर्दै जानुपर्ने आवश्यकता औँल्याए । संविधानको मर्म र भावना बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अनुसारका काम कारबाही क्रमिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरकार अझ सक्रिय र क्रियाशील रहने उहाँले विश्वास व्यक्त गरे ।

नेपालको संविधानको भाग–४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वसम्बन्धी व्यवस्थाले राज्य व्यवस्था सञ्चालनका लागि मार्गनिर्देशन गर्नुका साथै राज्यको चरित्र, भावी दिशा एवं आर्थिक, सामाजिक रूपान्तरणका लक्ष्यहरूसमेत निर्धारण गरेका छन् । यस्ता निर्देशक सिद्धान्त र नीतिहरूले नागरिकको लोकतान्त्रिक हक अधिकारको सार्थक उपभोग गर्न सक्ने आधारहरू समेत खडा गरेका छन् ।

# ‘विद्यार्थी र अभिभावकमाथि भर्नाका नाममा ज्यादती’

**रासस**
**काठमाडौँ ।**

राष्ट्रियसभाको बुधबारको बैठकमा सांसद जितजङ्ग बस्नेतले नयाँ शैक्षिक सत्र लाग्ने वित्तिकै विद्यार्थी र अभिभावकलाई विद्यालयहरुले ज्यादती गर्ने गरेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको विशेष समयमा उनले तोकिएकै पसलमा पोशाक र पुस्तक किन्नैपर्ने, भर्ना शुल्क तिर्नैपर्ने बाध्यकारी व्यवस्था गरिएको, वार्षिक शुल्कका नाममा अनावश्यक शुल्क उठाइएकाले त्यसलाई नियन्त्रण गर्न सरकारले चासो नदिएको बताए । निजी क्षेत्रबाट सञ्चालित विद्यालयले अभिभावक र विद्यार्थीलाई चर्को मारमा पारेका भएपनि अनुमगनमा ध्यान नदिएको उनको आरोप छ ।

सांसद तुलसाकुमारी दाहालले रोजगारी र अवसरको खोजीमा सहरी क्षेत्रमा रहेका स्वरोजगार पेशामा संलग्न व्यवसायी र श्रमिकलाई समस्यामा पारिएकामा सरकारको ध्यानाकर्षण गराइन् ।

काठमाडौँ महानगरपालिकाले स्वरोजगार श्रमिकलाई ज्यादती गरेको, पेशा व्यवसाय गर्न अवरोध गरेको, समस्या समाधान गर्ने भन्दा बल्झाउने काम गरेकामा उनले गुनासो गरिन् । सांसद पदमबहादुर परियारले विद्यार्थी भर्ना अभियानका नाममा शैक्षिक क्षेत्रमा अराजकता फैलिएको उल्लेख गर्दै विद्यालय नै पुग्न नसकेका हिमाली, पहाडी तथा तराई क्षेत्रका बालबालिकालाई पनि मूल प्रवाहमा ल्याउनुपर्ने बताए ।

**राष्ट्रियसभामाथि विभेद किन ?**

सांसद झक्कुप्रसाद सुवेदीले राष्ट्रियसभा सदस्य प्रधानमन्त्री हुन नपाउने व्यवस्थाका कारण राष्ट्रियसभा र प्रतिनिधिसभाका बीचमा विभेद हुन पुगेको बताए । सरकार बनाउने र हटाउने अधिकार प्रतिनिधिसभालाई मात्रै रहेका कारणले पनि दुई सदनका बीचमा विभेदमा परेको र राष्ट्रियसभालाई ध्यान दिन नसकिएको उल्लेख गरे । उनले सरकारले विजनेश दिन नसकेको बेला सभाले आफै काम तय गरेर छलफल गर्नुपर्ने र त्यसलाई राष्ट्रिय मुद्दाका रुपमा अगाडि बढाउनैपर्ने धारणा राखे ।

प्रतिनिधिसभाको बैठक नचल्दा समेत राष्ट्रियसभा चल्ने र अत्यावश्यक काम गर्ने व्यवस्थाका लागि संविधान संशोधन जरुरी रहेको सांसद सुवेदीको भनाइ छ ।

सभाध्यक्ष नारायण दाहालले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्योहोरा जानकारी गराएका थिए । यस्तै विषयगत समिति र संयुक्त समितिमा रहने माननीय सदस्यहरुको नाम मनोनयन तथा हेरफेर गरिएको जानकारी सदनलाई गराए । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’का तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले ‘राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७९÷८०’ सभा समक्ष पेश गरिन् ।

# नेपालको मुद्रास्फीति ६.७ प्रतिशत रहने प्रक्षेपण

**रासस**
**काठमाडौँ ।**
विश्व बैंकले सन् २०२४ मा नेपालको उपभोक्ता मुद्रास्फीति अधिकतम छ दशमलव सात प्रतिशतसम्म रहने प्रक्षेपण गरेको छ । विश्व बैंकले सार्वजनिक गरेको 'नेपाल डेभलपमेन्ट अपडेट, अप्रिल २०२४' अनुसार आगामी वर्ष अर्थात् सन् २०२५ मा भने मुद्रास्फीति छ प्रतिशतमा झर्ने अनुमान गरिएको छ । चालु आर्थिक वर्षको बजेटबाट सरकारले केही वस्तुको मूल्यअभिवृद्धि कर (भ्याट) मा छुट दिएकोमा त्यसले पनि मुद्रास्फीति बढाएको उल्लेख छ ।

विश्व बैंकले औसत मुद्रास्फीति गतवर्ष आठ प्रतिशतबाट यसवर्ष छ दशमलव सात प्रतिशत हाराहारी रहने प्रक्षेपण गरेको छ । यस वर्ष खाद्य तथा पेय पदार्थको मुद्रास्फीति भने बढेको छ । चामल निर्यातमा भारतले लगाएको प्रतिबन्ध र मरमसलामा देखिएको मूल्यवृद्धिको असर समग्र समग्र मुद्रास्फीतिमा देखिएको छ । प्रतिवेदनमा नेपालको सेवा क्षेत्रमा सुधार देखिएका कारण आर्थिक वृद्धिदर गत वर्षको सुरुआती छ महिनाको तुलनामा यसवर्षको सोही अवधिमा बढेको छ ।




पर्यटक आगमनमा भएको वृद्धिले होटल तथा आवास क्षेत्रमा उल्लेख्य सुधार देखिएको तथा बीमा क्षेत्रका गतिविधि बढेको प्रतिवेदनमा उल्लेख छ । अर्थतन्त्र सुधार देखिनुमा औद्योगिक क्षेत्र, जलविद्युत् उत्पादन र कृषि क्षेत्रमा धानको उत्पादन बढ्नुलाई मुख्य कारण मानिएको छ । अहिले थोक तथा खुद्रा व्यापारमा भने सङ्कुचन देखिएको प्रतिवेदनमा उल्लेख छ । गतवर्ष अर्थात् सन् २०२३ मा नेपालको आर्थिक वृद्धिदर एक दशमलव नौ प्रतिशत रहेकोमा यसवर्ष तीन दशमलव तीन प्रतिशत र आगामी वर्ष अर्थात् सन् २०२५ मा औसत पाँच प्रतिशत हाराहारी रहने प्रक्षेपण विश्व बैंकको छ ।

यसअघि विश्व बैंकले 'ग्लोबल इकोनोमिक प्रस्पेक्ट्स, जनवरी २०२४' मार्फत् वर्ष २०२३÷२४ मा नेपालको आर्थिक वृद्धिदर तीन दशमलव नौ प्रतिशत र वर्ष २०२४÷२५ मा पाँच प्रतिशत रहने प्रक्षेपण सार्वजनिक गरेको थियो । तर अहिले उक्त अनुमान घटाएको छ । उपभोग बढ्दा वस्तु तथा सेवाको आन्तरिक माग बढेको र यसलाई विप्रेषण आप्रवाहले धानेको देखिएको छ । यद्यपि, विप्रेषणमा देखिएको वृद्धिको अनुपातमा माग भने बढ्न नसकेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, निजी क्षेत्रको लगानी र राजस्व सङ्कलन घटेको देखिएको छ ।

विदेशी मुद्राको सञ्चिति ऐतिहासिक उच्च बिन्दुमा पुगेर भुक्तानी सन्तुलन कायम भएको र बाह्य क्षेत्र सहज हुनुका पछाडि रेमिट्यान्स बढ्नु र व्यापार घाटा कम हुनुलाई मुख्य कारण मानिएको छ । सन् २०२३ को अर्धवार्षिक अवधिमा चालु खाता घाटा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को शून्य दशमलव सात प्रतिशतले घाटामा रहेकोमा सन् २०२४ को सोहि अवधिमा भने दुई दशमलव सात प्रतिशतले नाफामा रहेको देखिएको छ । चालु खाता नाफामा जानुका पछाडि पनि विप्रेषण बढ्नु र व्यापार घाटा घट्नुलाई मुख्य कारणका रुपमा लिइएको छ ।

चालु वर्षको अर्धवार्षिक अवधिमा रेमिट्यान्स आप्रवाह जिडिपीको तुलनामा १० दशमलव नौ प्रतिशतबाट बढेर १२ दशमलव तीन प्रतिशत पुगेको र व्यापार घाटा जिडिपीको १३ दशमलव दुई प्रतिशतबाट घटेर ११ दशमलव छ प्रतिशत रहेको विश्व बैंकको प्रतिवेदनमा उल्लेख छ । वस्तु आयात घटेपनि न्यून करका कारण विद्युतीय सवारी साधनको आयात भने निकै बढेको छ । सेवा आयात कोभिड महामारी पूर्वको अवस्था भन्दा बढेको छ । जबकि, नेपालको निर्यात भने थोरै मात्र बढेको छ भने महामारी पूर्वको अवस्थामा अझै पुगिसकेको छैन ।

विभिन्न चुनौतीका बाबजुद पनि बैंकिङ क्षेत्र स्थिर र नाफाको अवस्थामा देखिएको छ । खराब कर्जा बढेको छ । औसत पुँजी पर्याप्तता अनुपात नियामक नेपाल राष्ट्र बैंकले तोकेको भन्दा बढी रहेको छ भने तरलता बढेको छ ।

ऋण 'प्रोभिजनिङ' तथा पुनःसंरचनामार्फत् बैंकहरुको नाफा थप घट्न नदिन प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ । पुँजीगत खर्च बढाउने र भन्सार राजस्वमा आधारित निर्भरतालाई घटाउँदै लगेर आर्थिक वृद्धि हासिल गर्न सकिने विश्व बैंकले औंल्याएको छ । निजी क्षेत्रको आत्मबल तथा लगानी बढाउन मौद्रिक नीति सहज र सुदृढ हुनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ ।

# स्वीस उद्यमीलाई नेपालमा लगानी गर्न आह्वान



**रासस**
**काठमाडौँ ।**
सरकारले स्वीटजरल्याण्डका उद्यमी–व्यवसायीलाई नेपालमा लगानीका निम्ति अभिप्रेरित गर्न स्वीस सरकारसँग अनुरोध गरेको छ । आगामी महिना यहाँ आयोजना हुने लगानी सम्मेलनमा उनीहरूको सक्रिय सहभागिताका निम्ति प्रोत्साहन गर्न स्वीस सरकारलाई सरकारले अनुरोध गरेको हो । नेपाल–स्वीटजरल्याण्ड परामर्श संयन्त्रको मङ्गलबार बेर्नमा सम्पन्न बैठकमा परराष्ट्र मन्त्रालयका सहसचिव गणेशप्रसाद ढकालले उक्त आह्वान गरेका जेनेभास्थित नेपालको राजदूतावासले जनाएको छ । बैठकमा नेपाल–स्वीटजरल्याण्ड सम्बन्धका समग्र पक्षका साथै आर्थिक, विकास साझेदारी, बहुपक्षीय मञ्चमा सहयोग आदानप्रदान, मानवअधिकार तथा जलवायु परिवर्तनलगायत विश्वले सामना गर्नुपरेका सामयिक विषयमा पनि विचारविमर्श भएको थियो ।

दुवै देशबीच उच्चस्तरीय भ्रमण आदानप्रदान, अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नतिका निम्ति नेपालले गरेका प्रयास, दिगो विकास लक्ष्य हासिलमा भएका प्रगति, नेपाल–स्वीटजरल्याण्ड व्यापार, लगानी, पर्यटन, विज्ञान तथा प्रविधि र व्यावसायिक तालिमबारे बैठकमा छलफल भएको उक्त दूतावासले जनाएको छ । नेपाली प्रतिनिधिमण्डलका प्रमुख सहसचिव ढकालले स्वीस सरकारको प्राथमिकतामा नेपाललाई राखिएकामा आभार व्यक्त गरे, भने स्वीस सरकारका प्रतिनिधि हेनरिच सेलेनवर्गले नेपालको विकास प्रयासमा स्वीस सरकारले निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

पारस्परिक सहायताका सम्बन्धमा छलफल गर्न सन् २०१५ मा उक्त संयन्त्र स्थापना भएको हो । संयन्त्रको अर्को बैठक दुवै पक्षलाई अनुकूल हुने समयमा काठमाडौँमा हुने छ ।

# अरुण तेस्रोमा देखिएका समस्या समाधानका गर्न निर्देशन

**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री एवम् लगानी बोर्डका उपाध्यक्ष वर्षमान पुनले अरुण–३ जलविद्युत् आयोजना निर्माणका क्रममा देखिएका समस्या समाधानका लागि सहजीकरण गर्न र आयोजनाको काम तीव्रताका साथ अगाडि बढाउन निर्देशन दिएका छन् । लगानी बोर्डका प्रवक्ता प्रद्युम्नप्रसाद उपाध्यायका अनुसार मङ्गलबार बसेको अनुगमन तथा सहजीकरण समितिको ११औँ बैठकपछि अर्थमन्त्री पुनले यस्तो निर्देशन दिएका हुन् ।

अरुण तेस्रो जलविद्युत् परियोजनाको विकासकर्ता कम्पनी एसजेभिएन अरुण–३ पावर डेभलपमेन्ट कम्पनी लिमिटेडबाट माग भएको मूल्य समायोजनअनुसारको रकम सटही एवं स्थानान्तरण, परियोजनाको ड्याम साइट पहुँचमार्गका रूपमा प्रयोग भैरहेको कोशी राजमार्गको खाँदबारी–दोभान सडकखण्ड स्तरोन्नतिसम्बन्धी विषय र छ्याङ्कुटीदेखि दिदिङसम्मको परियोजनाको पावर हाउस प्रवेशमार्गको मुआब्जाको समस्या समाधानका लागि पहल थाल्न अर्थमन्त्री पुनले निर्देशन दिए ।

साथै होङ्सी शिवम् सिमेन्टको पहुँच सडक स्तरोन्नतिसम्बन्धमा आवश्यक प्रक्रिया थाल्न तथा सम्बन्धित निकायबाट बजेट प्रस्ताव गरी व्यवस्थापन गर्न अर्थमन्त्री पुनले निर्देशन दिए ।

अनुगमन तथा सहजीकरण समितिको बैठकले मूल्य समायोजनको विषयमा अध्ययन गर्न अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा एक अध्ययन समिति गठन गर्ने निर्णय गरेको पनि प्रवक्ता उपाध्यायले जानकारी दिए ।

साथै अरुण–३ आयोजनाको खाँदबारी दोभान सडकखण्डको स्तरोन्नति द्रुत गतिमा अगाडि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय समितिले गरेको छ ।

# आयरल्याण्ड 'ए'सँग नेपाल 'ए' पराजित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आयरल्याण्ड 'ए'विरुद्ध बुधबार कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको एकदिवसीय क्रिकेट प्रतियोगितामा नेपाल 'ए'ले कमजोर प्रदर्शन गरेको छ । पहिले बलिङ गर्दै आयरल्याण्ड 'ए' सस्तैमा समेटेको नेपाल 'ए'को ब्याटिङ नचल्दा सामान्य लक्ष्य पनि पूरा गर्न सकेन । अनुभवी ब्याटर नचल्दा आयरल्याण्ड 'ए'ले दिएको एक सय ५८ रनको सामान्य लक्ष्य पनि नेपाल 'ए'ले पूरा गर्न सकेन । नेपाल 'ए'को टोली २५ दशमलव तीन ओभरमा अलआउट हुँदै एक सय ३६ रनमा समेटियो ।



नेपाल 'ए'का लागि साहब आलमले ३४ बलमा एक छक्का र चार चौकाको सहयोगमा ३७ रनको योगदान दिए । साथै देव खनालले २६, बसिर अहमदले २० र रिजन ढकालले १२ रन बनाए । नेपाल 'ए'का लागि अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । आयरल्याण्ड 'ए'को जितमा म्याथ्यु हम्फ्रिजले पाँच र लियाम मकार्थीले चार विकेट लिए । जितसँगै तीन खेलको शृङ्खलामा आयरल्याण्ड 'ए'ले अग्रता लिएको छ ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको आयरल्याण्ड 'ए' ३८ दशमलव तीन ओभरमा अलआउट हुँदा एक सय ५७ रनमात्रै बनाउन सक्यो । सुरुवातदेखि दबाब महसुस गरेको आयरल्याण्ड 'ए'ले मध्यमक्रममा सम्हालिने प्रयास गरे पनि अन्तिममा लय गुमायो ।

उसले पछिल्लो पाँच ओभरमा छ विकेट गुमाउँदै जम्मा १४ रन मात्रै बनाउन सक्यो । आयरल्याण्ड 'ए'का लागि केड कार्माइकलले अर्धशतकीय पारी खेले । उनले ७७ बलमा चार चौकाको सहयोगमा ५१ रन बनाए ।

कप्तान निल रकले ३२ बल खेल्ने क्रममा तीन छक्का र दुई चौकको सहयोगमा ३९ रन बनाए । त्यसबाहेक पिटर मुरले २१ रन बनाउँदा ओपनरद्वर जेम्स मकलम र स्टेफल डोहनीले समान १२/१२ रनको योगदान दिए । अन्य ब्याटरले भने उल्लेख रन बनाउन सकेनन् । नेपाल 'ए'का लागि कमल ऐरीले ह्याट्रिकसहित चार विकेट लिए भने साहब आलम र मौसम ढकालले दुई÷दुई विकेट लिए । साथै रिजन ढकालले एक विकेट लिए ।

# नेप्से परिसूचक सामान्य गिरावट



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक तीन दशमलव ४३ प्रतिशतले घटेर दुई हजार छ दशमलव ७८ को बिन्दुमा कायम भएको हो । विभिन्न तीन सय २२ कम्पनीका ६४ लाख ८१ हजार आठ सय ३४ कित्ता शेयर ५२ हजार ६५ पटक खरिदबिक्री हुँदा दुई अर्ब ५३ करोड ६२ लाख ३३ हजार नौ सय ८६ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।जीवन बीमा समूह शून्य दशमलव ५०, लघुवित्त एक दशमलव ६५ र म्युचुअल फन्ड समूह शून्य दशमलव ३८ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह एक दशमलव ७४ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ । बैंकिङ शून्य दशमलव ३५, विकास बैंक शून्य दशमलव ६३, वित्त शून्य दशमलव ६३, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत् शून्य दशमलव ३९, लगानी शून्य दशमलव १८, निर्जीवन बीमा शून्य दशमलव ०२ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेका छन् ।

बुधबारको कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ९७ र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको नौ दशमलव ९१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको शेयर मूल्य चार दशमलव ४० र मन्दाकिनी हाइड्रोपावर लिमिटेडको चार दशमलव ०८ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको २५ करोड ८० लाख ५९ हजार एक सय १६ रुपैयाँ बराबरको चार लाख ९४ हजार सात सय ४५ कित्ता शेयर किनबेच भएको छ ।

# छत्तीगढ झडपमा १३ माओवादीको मृत्यु



**एएफपी**
**नयाँदिल्ली ।**
मध्य भारतमा भएको झडपमा कम्तीमा १३ जना माओवादी विद्रोहीको मृत्यु भएको प्रहरीले बुधबार जनाएको छ । छत्तीसगढ राज्यको बिजापुर जिल्लाको दुर्गम जङ्गलमा मङ्गलबार सुरक्षा बलसँग गोली हानाहान भएको थियो । स्थानीय प्रहरी प्रमुख पी सुन्दरराजले अधिकारीहरूले राइफल, मेसिन गन र गोलाबारुद ठूलो परिणममा जफत गरेको बताएका छन् । मृतकहरुको पहिचान हुन बाँकी रहेको बताउँदै सुन्दरराजले मृतकमध्ये तीन जना महिला रहेको बताए ।

प्रहरीले उपलब्ध गराएको तथ्याङ्क अनुसार यस वर्ष भारतमा ५० जना भन्दा बढी माओवादी मारिएका छन् । जसमध्ये सबैभन्दा बढी ४६ जना छत्तीसगढमा र अन्य चार महाराष्ट्र राज्यमा मारिएका छन् । मध्य, दक्षिणी र पूर्वी राज्यहरूमा फैलिएको विद्रोही बहुल 'रेड करिडोर' मा माओवादी विद्रोहीहरूसँग लड्न भारतले दशौँ हजार सुरक्षाकर्मी तैनाथ गरेको छ । नक्सलवादी भनेर चिनिने र ग्रामीण गरिबहरूका लागि लडिरहेका विद्रोहीहरूले सन् १९६७ देखि छापामार आक्रमण गरिरहेका छन् । भारत सरकारले दुर्गम क्षेत्रहरूमा पूर्वाधार विकासमा लाखौं डलर खर्च गरेको छ । सन् २०१० मा ९६ जिल्लामा फैलिएको माओवादी प्रभाव सन् २०२३ मा ४५ जिल्लामा सीमित भएको छ । सरकारी तथ्याङ्क अनुसार गत दशकमा मारिएका विद्रोहीहरूको वार्षिक संख्या दुई तिहाइभन्दा बढीले घटेको छ । भारतमा आगामी अप्रिल १९ देखि लोकसभाका लागि छ हप्ता लामो आमनिर्वाचन हुँदैछ ।

# आयुर्वेद उपचारमा आकर्षण



**रासस**
**नेपालगञ्ज ।**
बाँकेमा आयुर्वेद उपचार पद्धतिप्रतिको आकर्षण बढ्दै गएको देखिएको छ । आयुर्वेद स्वास्थ्य केन्द्र, बाँकेका सूचना अधिकारी सीताराम चौधरीले नेपालगन्ज उपमहानगरपालिकाको नेपालगन्ज, भवनीयापुर, जयसपुर र परसपुर गरी चार, कोहलपुर नगरपालिकामा र बैजनाथ गाउँपालिकाको टटिहिरीयामा स्थायी आयुर्वेद स्वास्थ्य केन्द्र सञ्चालनमा रहेको छ ती केन्द्रमा पछिल्लो समय सेवाग्राहीको संख्या बढ्दै गएको बताए । हाल यहाँका खजुरा, नरैनापुर, राप्तीसोनारी र डुडुवा गाउँपालिकामा पनि नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा छन् । आयुर्वेद स्वास्थ्य केन्द्रमा औषधि तथा कर्मचारी खर्च प्रदेश सरकारबाट र आरोग्य सेवा केन्द्रमा एक जना कविराजको खर्च प्रदेश सरकारले बेहोर्ने गरेको छ । आयुर्वेद स्वास्थ्य केन्द्र, बाँकेका प्रमुख वरिष्ठ कविराज निरीक्षक डा गीता रेग्मीले आयुर्वेद उपचार गर्न आउनेको संख्या बढ्दै गएको उल्लेख गरे । 'सेवाग्राही बढ्दै जाँदा औषधिको सीमित बजेट पुग्ने अवस्थामा छैन' उनले भनिन् । हाल यी केन्द्रबाट आयुर्वेदसम्बन्धी २३ प्रकारका औषधि निःशुल्क पाइन्छ । उनी भन्छिन्, 'औषधि खरिदको बजेटसमेत कटौती हुँदा निःशुल्क औषधि वर्षभरी पु¥याउन हम्मेहम्मे छ ।' वरिष्ठ कविराज रेग्मी आयुर्वेद औषधि कतिपय रोगमा निकै प्रभावकारी हुने गरेको उल्लेख गर्दै आयुर्वेद उपचारमा जनचेतनामूलक कार्यक्रम समेत गर्दै आएको बताइन् । स्वास्थ्य केन्द्रका सूचना अधिकारी चौधरीले मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रमअन्तर्गत हाते पुस्तिका वितरण गरिरहेको जानकारी दिँदै आहारविहार, योग, ध्यान, खानपान सिकाउन आवश्यक भएको बताए । १९ हजारले लिए सेवा बाँकेमा सञ्चालित आयुर्वेद स्वास्थ्य केन्द्र तथा नागरिक आरोग्य सेवा केन्द्रबाट १९ हजारभन्दा बढीले पछिल्लो छ महिनामा सेवा लिएका छन् । आयुर्वेद स्वास्थ्य केन्द्र, बाँकेका सूचना अधिकारी सीताराम चौधरीले जिल्लामा आयुर्वेद सेवा लिनेहरुको संख्या चालु आर्थिक वर्षको पुससम्म १९ हजार दुई सय ३८ रहेको जानकारी दिए । केन्द्रका अनुसार साउनमा तीन हजार एक सय ७६, भदौमा तीन हजार २१, असोजमा तीन हजार छ सय ३१, कात्तिकमा दुई हजार छ सय, मङ्सिरमा तीन हजार एक सय एक, पुसमा तीन हजार सात सय नौ जनाले उपचार सेवा लिएका छन् । उपचार सेवा लिने सबैभन्दा बढी १७ देखि ५९ वर्ष उमेर समूहका छन् । उक्त उमेर समूहका १३ हजारभन्दा बढीले छ महिनामा उपचार लिएका छन् । यहाँ बाहिरी जिल्ला बर्दिया, सल्यान, रुकुम, जाजरकोट, मुगुलगायतबाट समेत बिरामी उपचारका लागि आउने गरेका छन् ।

# मुख्यमन्त्रीसँग गन्धर्व बस्तीका गुनासा



**रासस**
**विराटनगर ।**
आफूहरुले नसोचेको भएपछि अर्थात् आफ्नै घरआगनमा मुख्यमन्त्रीलाई अकस्मात पाउँदा झापाको कचनकवल गाउँपालिका–२ का गन्धर्व समुदायका नागरिक निकै खुसी भएका छन् । बस्तीमा गत सोमबार साँझ कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की पुगेका थिए । यही चैत १९ गते सोमबार राति कोशी प्रदेशका मुख्यमन्त्री आफ्ना नियमित कार्यक्रम सकेर लोपोन्मुख जाति 'गन्धर्व' बसोबास गर्ने झापाको कचनकवल गाउँपालिका–२ तर्फ लागेका थिए । समस्या नै समस्याले पिल्सिएका गन्धर्व समुदायको बस्तीमा झमक्क साँझ परेका बेला सुरक्षाकर्मीका साथ मुख्यमन्त्री कार्कीलाई देखेर अचम्भित हुँदै हतारहतार स्वागत तथा सम्मानमा समुदाय जुटेको थियो । मुख्यमन्त्री कार्की स्वागत तथा सम्मानको वास्ता नगरी गन्धर्व बस्ती घुम्न अघि बढ्े । उनी गन्धर्व बस्तीको आँगन–आँगनमा घुम्दै राति ८ बजे शिव गन्धर्वको आँगनमा ओछ्याइएको म्याटमा पलेटी बाँधेर बसे । त्यतिकैमा गन्धर्व बस्तीका महिला, पुरुष, वृद्धवृद्धालगायत बालबालिकाको भीड लाग्यो र उनीहरुले खाँदा लगाएर मुख्यमन्त्रीलाई सम्मान गरे । मुख्यमन्त्री कार्कीले धेरै सम्मान गर्नुहुँदैन भन्दै आज यही खाना खाएर बस्ने भनेपछि यहाँ रहेका धेरैलाई अचम्म पनि लाग्यो । शिव गन्धर्व र उनकी पत्नीले आँगनको ट्युबेलमा थाल पखालेर खाना खान भान्छा कोठामा जान आग्रह गरेपछि मुख्यमन्त्री कार्कीलगायत उनीसँगै रहेका सबैले गएर खाना खाए । खानापछि मुख्यमन्त्री कार्कीले गन्धर्व परिवारका सदस्यहरुसँग कुराकानी गर्न थाले । उनीहरुले आफ्ना कथा र व्यथा सविस्तार सुनाउँदै गए । 'मुख्यमन्त्री कार्कीले हाम्रा समस्या हामीसँगै बसेर हामीले पकाएको खाएर सुनेर भलाकुसारी गर्नुभयो', स्थानीय नरमाया गन्धर्वले भने, 'हामीले यहाँ चुनाव जितेपछि नेता देख्न पाउँदैन थियौँ । अहिले त हामीसँगसँगै खाना खाने मुख्यमन्त्रीलाई घरमै भेट्टाएका छौँ ।' सरकार घरमै आएर आफूहरूका गुनासो सुनिदिएर सहजै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेको देख्दा अत्यन्त खुसी लागेको उनले सुनाए । आफूलाई समाजमा गाइनेको सङ्ज्ञा दिएर हेप्ने गरेको गुनासो गन्धर्वहरुको थियो । गन्धर्व जातिको बस्तीको नजिकै आदर्श आधारभूत विद्यालय रहेको जनाउँदै विद्यालयलाई गन्धर्व जातिको पहिचान हुने गरी शिक्षा लागू गराइदिन, शैक्षिक साखलाई फर्काउन, समुदायमा साक्षरता दर वृद्धि गर्नका लागि आवश्यक पहल गरी दिन मुख्यमन्त्री समक्ष स्थानीयवासीले माग गरेका छन् । स्थानीय शिव गन्धर्वले भने, 'लोप हुन लागेको सारङ्गी बाजाको संरक्षण हामीले गर्नुपर्दछ । मुख्यमन्त्रीज्यूले यसलाई चासोका साथ लिएर वस्तुस्थिति बुझ्न समुदायमै आएकाले हामी बढी आशावादी छौँ ।' उनीहरूले लोपोन्मुख जातिको रूपमा गन्धर्वलाई सूचीकृत गर्न पनि माग गरे । संविधानअनुसार यो जातिलाई लोपन्मुख जातिको रूपमा सूचीकृत गरिएमा हाम्रा अधिकार प्राप्त हुन सहज हुने पूर्वाञ्चल गन्धर्व संस्कृति उत्थान समाजका अध्यक्ष रवीन गन्धर्वले बताए । मुख्यमन्त्री कार्कीले सरकार खोज्दैँ जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्ने उद्देश्यले यहाँका स्थानीयसँग समस्याको समाधानका लागि संवाद गर्न आएको बताएको अध्यक्ष रविनले जानकारी दिए । पहुँच नहुनेको घरघरमा गएर समस्या समाधान गर्ने सरकारको दायित्व भएकाले समाजको वर्गलाई समान हैसियतमा ल्याउन मानवीय विकासमा जोड दिएर काम गरिरहेको मुख्यमन्त्री कार्कीको भनाई रह्यो । 'सरकारले मानवीय विकासका लागि योजनामार्फत सुरुवात गरिसकेको छ । स्थानीयले पनि सहयोग र दबाब दिनुपर्छ' भनेर मुख्यमन्त्री कार्कीले भनेको रवीनको भनाइ छ ।

समाजका अध्यक्ष रवीनका अनुसार यहाँ ४९ घरधुरी रहेको गन्धर्व समुदायको जनसंख्या दुई सय ११ छन् । मुख्यमन्त्री कार्कीले समुदायको उत्थानका लागि प्रवर्द्धनको योजना सरकारले ल्याउने प्रतिबद्धता जनाएका थिए । मुख्यमन्त्री कार्कीले सामाजिक विभेद् अन्त्य र सामाजिक अवस्था, आवश्यकता र अपरिहार्यताको अध्ययनका लागि स्थानीयवासी शिव गन्धर्वको घरमा सो दिन रातिको खाना र बास बसेर सन्देश प्रवाह गरेका छन् । उनले भनेका थिए, 'अब मलाई कसैले अछुत भन्छ त, म त तपाईँहरूकोमा बसेँ खाना खाएँ, यो विभेद अन्त्यका लागि तपाईँहामीले सहकार्य गर्दै आगाडि बढ्नुपर्छ ।' मुख्यमन्त्री कार्कीले स्थानीय महिला स्वास्थ्य स्वयंसेविकासँग अन्तर संवाद गर्दै हुलाकी सडकअन्तर्गत अधुरो अवस्थामा रहेको माई खोला पुलको अवलोकन गरेका थिए । अवलोकनपछि उनले अधुरा पुलको निर्माण सम्पन्न गर्न सङ्घीय सरकारसँग ताकेता गर्ने आश्वासन पनि दिएको समाजका अध्यक्ष रवीनले जानकारी दिए ।

# चतराधाममा यही चैत २७ देखि महाकुम्भ हुँदै



**रासस**
**काठमाडौँ ।**
बराह क्षेत्र नगरपालिका–१, चतराधाम सुनसरीमा यही चैत २७ गतेदेखि वैशाख २८ गतेसम्म एक महिना 'बाह्रवर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ' मेला हुने भएको छ । प्रधानमन्त्री कार्यालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा जगत्गुरु बालसन्त मोहनशरण देवाचार्यले धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थानका रुपमा विश्वमा परिचित गराउने उद्देश्यले बाह्रवर्षे महाकुम्भ मेलाको आयोजना गर्न लागिएको जानकारी दिए । उनले सप्तकोशीको किनारमा रहेको चतराधाम धार्मिक र आध्यात्मिक दृष्टिकोणले समेत उत्कृष्ट पवित्रस्थल रहेको चर्चा गर्दै यहाँ आयोजित मेलामा सहभागी भई स्नान गरेमा सबैले पुण्य प्राप्त गर्ने धारणा राखे । यो महाकुम्भ मेला नेपालको धार्मिक पर्यटकको आकर्षणको केन्द्रविन्दु समेत हुने गरेकाले यसबाट नेपालको धार्मिक पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी बढीभन्दा बढी स्वदेशी तथा विदेशी धार्मिक पर्यटक एवम् तीर्थालु भित्र्याउन नेपालले विशेष अभियान नै सञ्चालन गर्न सक्ने जगत्गुरु देवाचार्यको भनाई थियो । महाकुम्भ मेलामा नेपाल, भारत, बङ्गलादेशसहित १० देशबाट एक करोडभन्दा बढी भक्तजन आउने विश्वास गरिएको गुरु देवाचार्यले जानकारी दिए । भारतका चार स्थान इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र) र हरिद्वार (उत्तराखण्ड)मा लामो समयदेखि कुम्भमेला आयोजना हुँदै आएको छ । बराह क्षेत्रमा विसं २०५९ देखि जगत्गुरु देवाचार्यको पहलमा महाकुम्भको आयोजना हुन थालेको हो । यहाँ प्रत्येक छ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्णमहाकुम्भ मेलाको आयोजना गर्ने गरिएको छ । सप्तकोशी नदी किनारमा अवस्थित बराहक्षेत्र र धरानको पिण्डेश्वर धाम कुम्भमेलासँग जोडिएकाले यो क्षेत्रमा कुम्भमेला आयोजना हुँदै आएको छ । जगत्गुरु देवाचार्य पौराणिक व्यवस्था तथा मान्यतामा चताराधाम नै महाकुम्भको आयोजना गर्नुपर्ने स्थानका रुपमा उल्लेख रहेको व्याख्या गर्छन् । आफूले वैदिक सनातन धर्मग्रन्थहरुको अध्ययनबाट चताराधाम नै महाकुम्भको आयोजना गर्ने उचित स्थानका रुपमा पाएर यहाँ यो मेलाको आयोजना गर्न लगाएको दाबी गर्छन् । यो महाकुम्भ नेपालमा आयोजना हुने एक उत्कृष्ट एवम् पवित्र अनुष्ठान भएकाले यसमा सहभागी भएर धार्मिक एवम् अध्यात्मिक लाभ लिन पनि जगतगुरु देवाचार्यले सबै नेपालीलाई आह्वान गरे । प्रधानमन्त्री कार्यालयका सचिव अर्जुन पोखरेलको संयोजकत्वमा महाकुम्भ मेला तयारी समिति गठन गरिएको थियो । सचिव पोखरेलले चतराधाममा हुन गइरहको महाकुम्भ मेला धार्मिक, सांस्कृतिक र पर्यटकीय हिसाबले धेरै महत्वपूर्ण रहेको बताए । त्यो क्षेत्र धार्मिक पर्यटनका लागि निकै महत्वपूर्ण स्थान रहेको र मेलामा आवतजावतका लागि भक्तजनलाई शान्तिसुरक्षा एवम् आवश्यक अन्य व्यवस्थापन गरिसकिएको जानकारी सचिव पोखरेलले दिए । 'मेरो देशको तीर्थ, मेरो देशको सान ः सनातन धर्म र संस्कृति मेरो देशको पहिचान' भन्ने नाराका साथ उक्त बाह्रवर्षे महाकुम्भ मेलाको आयोजना गरिएको हो । यस मेलाका लागि आवश्यक पर्ने सम्पूर्ण तयारी पूरा भएको पनि उनले जानकारी दिए ।

# लालीगुराँससँग रमाउनेको चहलपहल



**रासस**
**बागलुङ ।**
वसन्त ऋतु सुरु भएसँगै बोटबिरुवामा नयाँ पालुवा पलाउन थालेका छन् । वनजङ्गलमा अनेक थरीका फूल फूलेर ढकमक्क भएका छन् । यतिबेला बागलुङको माथिल्लो क्षेत्रमा लालीगुराँसले वनपाखा रङ्गीचङ्गी बनेका छन् । शीतलता प्रदान गर्ने सिरसिर हावा र मनलाई आनन्दित तुल्याउने चराचुरुङ्गीको आवाजले आगन्तुकलाई निम्तो दिइराखेका छन् । बढ्दो गर्मीका कारण तल्लो क्षेत्रबाट घुमफिरका लागि पहाड घुम्न उक्लने पनि बढ्दै छन् । पछिल्लो केही दिनयता बागलुङको पर्यटकीय क्षेत्र बेलढुङ्गा, पातिहाल्ने, सोलेडाँडालगायत क्षेत्रमा घुम्न आउनेको चहलपहल बढेको छ । लामो समयको खडेरीपछि केही दिनदेखि परेको सिमसिमे वर्षाले गुराँस फूल वनैभरि फुलेका छन् । त्यसले पर्यटकलाई आकर्षित गरिरहेको छ । वनैभरि फूलेका गुराँससँग रम्न तल्लो क्षेत्रबाट लेक उक्लने बढिरहेका छन् । बागलुङ, रोल्पा र रुकुमको सिमानामा रहेको पातिहाल्ने तथा बागलुङ र म्याग्दीको सिमानामा रहेको सोलेडाँडा र बेलढुङ्गामा दैनिक आन्तरिक पर्यटक पुग्ने गरेका छन् । बाह्रै महिना पर्यटकले पुग्ने यी क्षेत्रमा यो बेला अझ बढी आएको स्थानीय बताउँछन् । सडक सञ्जालले गर्दा सहज रुपमा पुग्न सकिने र ती स्थानमा पुगेपछि शीतलासँगै रमाइलो हुने हुँदा धेरैको रोजाइमा जङ्गल क्षेत्रका पर्यटकीयस्थल रोजाइमा परेका हुन् । पातिहाल्ने मध्यपहाडी लोकमार्गमा पर्छभने सोलेडाँडा र बेलढुङ्गा दुवै जिल्लाबाट सडक पुगेको छ । त्यसले पर्यटकलाई सहज बनाइदिएको छ । कतिपय गाडी लिएर त कतिपय पैदल यात्रामार्फत यहाँ घुम्न आउने गरेका छन् । यस वर्ष यी तीनवटै पर्यटकीय क्षेत्रमा पुस र माघमा हिउँ परेको थियो । पुस र माघ महिनामा हिउँ खेल्न नपाएका पर्यटक यतिबेला गुराँस फूलसँग रमिरहेका छन् । पातिहाल्ने र सोलेडाँडा बुर्तिबाङ बजार नजिक पर्छभने बेलढुङ्गा बागलुङबजार नजिकै छ । बजारबाट गाडीमा एक÷डेढ घण्टामै पुग्न सकिने हुँदा धेरै पर्यटक पुग्ने गरेका छन् । निसीखोला गाउँपालिका–६ का ओमबहादुर बुढा मगरले कात्तिकपछि पातिहाल्ने घुम्न आउनेको संख्या कम भएको भन्दै गुराँस फुल्न थालेपछि बढेको बताए । माघ महिनामा हिउँ पर्दा एकै दिन पाँच सय बढी पर्यटक आउने गरेको जनाउँदै त्यसपछि चैत पहिलो सातादेखि बढेको उनको भनाइ छ । उनले भने, 'पहिला–पहिला यहाँ चोरबास, पातिहाल्ने र रिगताल क्षेत्रमा धेरै गुराँस फुल्ने गथ्र्यो तर कोही पनि घुम्न आउँदैन्थे, अहिले मोटरबाटोले गर्दा होला मान्छे नआएको दिनै छैन, दिनदिनै गाडी लिएर घुम्न आउँछन्, घण्टौँसम्म यहीँका डाँडापाखासँग रमाएर जान्थे, हामीहरुलाई पनि नौलो लाग्यो, पहिले हामीहरुले गाईबाख्रा चराउने, घाँस दाउरा गर्ने ठाउँमा अहिले मान्छे आउँदै गुराँस टिप्ने फोटो खिच्ने र रमाउने गर्छन्, यस वर्ष हिउँ परेर होला पहिलेको तुलनामा गुराँस कम फुलेको छ ।' पातिहाल्ने समुन्द्री सतहदेखि तीन हजार दुई सय मिटरको उचाइमा छभने सोलेडाँडा दुई हजार छ सय ३० मिटरको उचाइमा छ । बेलढुङ्गा दुई हजार छ सयको उचाइमा पर्छ । उच्च पहाडी क्षेत्रमा रहेका यी पर्यटकीय क्षेत्रमा अन्य समयमा पनि पर्यटक आउने गर्छन् । सोलेडाँडामा बागलुङ र म्याग्दीबाट बढी पर्यटक आउने गरेको स्थानीय रेमबहादुर विकले बताए । सोलेडाँडा वरपर लालीगुराँस फुलेर राताम्य बनेको उनको भनाइ छ । बिदाका दिन सबैभन्दा बढी पर्यटक आउने गरेको उनको भनाइ छ । 'हाम्रो पालामा गुराँस फुल्दा त्यत्ति महत्व दिँदैन्थ्यौँ, अहिले त घुम्न आउने मान्छेको भीड लाग्छ, रूखमा चढेर फोटो खिच्छन्, भिडियो बनाउँछन्, साँझ फर्कने बेला टिपेर पनि लैजाने गर्छन्, शनिबारका दिन धेरै आउँछन्', उनले भने, 'मान्छेहरु धेरै घुम्न रुचाउन थाले, पाँच÷सात वर्ष पहिले यो ठाउँ सुनसान थियो, अहिले निकै चलहलपहल बढ्यो, लालीगुराँसले पनि पर्यटकलाई आकर्षित ग¥यो, हामी गाउँका मान्छेलाई त्यति महत्व लाग्दैन ।' पहाडमा भन्दा तराई क्षेत्रमा अझ बढी गर्मी छ । गर्मी छल्न र लालीगुराँससँग रमाउनका लागि कपिलवस्तुबाट एक साता बिदा लिएर घुम्न आएको विकास गौडेलले बताउनुभयो । करिब १३ वर्षअगाडि अर्घाखाँचीबाट बसाइँसराइ गरी कपिलवस्तु गएको सुनाउँदै यो समयमा पहाडमा गुराँस फुल्ने हुँदा १० जनाको समूह भएर घुम्न आएको उनले बताए । दुई दिन अर्घाखाँचीमा बिताएको भन्दै तेस्रो दिन मध्यपहाडी लोकमार्ग हुँदै पातिहाल्ने पुगेको उनले सुनाए । पातिहाल्ने क्षेत्रमा फुलेको लालीगुराँसले आफूहरुलाई लोभ्याएको उनको भनाइ छ । गौडेलले भने, 'यो बेला पहाडमा यात्रा गर्न निकै रमाइलो हुन्छ, वनपाखामा रङ्गीचङ्गी फूलहरु फुलेका हुन्छन्, तराईमा जस्तो गर्मी हुँदैन, सिरसिर हावा चलिराख्दा गर्मीयाम अवधिभर यतै बसौँजस्तो लाग्छ, खर्बाङदेखि लोकमार्ग हुँदै आएका हौँ, निसीखोलाको माथि–माथि त निकै धेरै गुराँस फुलेका रहेछन्, रातमा पनि यतै बसौँ बसौँ भयो, अब गलकोटको टेउवामा रहेको मूर्तिकला अवलोकन गरे फर्किने योजना छ ।'

# संरक्षण अभावमा जीर्ण बन्दै धार्मिक सम्पदा




**रासस**
**महोत्तरी ।**
मधेश प्रदेश प्राचीन संस्कृति, परम्परा र परिचयले विविधतायुक्त छ । प्राचीन मिथिला संस्कृतिको केन्द्र मानिने जनकपुरधाम समीप अवस्थित महोत्तरीका ऐतिहासिक एवम् पुरातात्विक महत्वका धार्मिक सम्पदा संरक्षाणको अभावमा जीर्ण बन्दै गएका छन् । हिन्दू, इस्लाम र बौद्ध परम्पराका ऐतिहासिक सम्पदा र स्थल अब खास पर्वमा सम्झना गरिए पनि तिनको संरक्षणमा योजनाबद्ध पहलकदमी नदेखिएपछि यी उपेक्षित बनेका छन् । महोत्तरीको सुदुर–उत्तर चुरे पहाडी काछमा राइमण्डल धार्मिकक्षेत्र छ । अहिले बर्दिबास–३ मा पर्ने राइमण्डल सत्ययुगमा दानवहरूको आक्रमणबाट आजित भएका स्वर्गका राजा इन्द्रले महादेवको तपस्या गरेका ठाउँका रूपमा परिचित छ । यहाँ इन्द्रले स्थापना गरेको मानिएको इन्द्रेश्वर महादेवको शिवलिङ्ग छ तर यो संरक्षणको प्रतीक्षामा छ । लक्ष्मी खोला किनारमा अवस्थित राइमण्डल धार्मिकक्षेत्र चुरेको सर्वाधिक उचाइमध्येको सोलीघोप्टे डाँडाको फेदीमा रहेको छ । इन्द्रेश्वर महादेव मन्दिर अगाडिको भिरमा परेवाका असंख्य वासस्थान छन् । घरपालुवा परेवा यहाँको भिरमा लामो समयदेखि बनाएर बस्दै आएका ७० वर्षीया चन्द्रमाया पुलामी बताउँछिन् । यसैगरी राइमण्डलकै शिरमा लोपोन्मुख पक्षी गिद्धको बासस्थान फेला परेको छ । भर्खरै चुरेकाछमा पर्यटकीय गन्तव्य पहिल्याउन बर्दिबास उद्योग वाणिज्य सङ्घ, होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरी र बर्दिबास नगर पत्रकार सञ्जालले थालेका पदयात्राको क्रममा गिद्धको बासस्थान फेला परेको हो । राइमण्डल शिरमै घना जङ्गलबीचको पहाडी थुम्कामा सिद्धगुफा छ, जहाँ एक भगवद्भक्त तपस्यारत छन् ।

यस्तै बर्दिबास–५ को चुरेकाछकै पहाडी थुम्कामा टुटेश्वरनाथ महादेव मन्दिर छ । यो शिवलिङ्ग सतिदेवीको अङ्ग पतन भएर स्थापित भएको जनविश्वास छ । यसैगरी बर्दिबास–४ माईस्थानमा देवी शक्तिपीठ पञ्चधुरा माई मन्दिर छ । यी चुरेकाछ वरपरका बाहेक जिल्लामा कैयौँ प्राचीन धार्मिकस्थल छन् तर यी उचित संरक्षणको अभावमा जीर्ण भएका छन् ।

जिल्ला सदरमुकाममा रहेको जलेश्वरनाथको चर्चा भए पनि जिल्लाको सुदुर–दक्षिण–पश्चिमी क्षेत्रमा अवस्थित मङ्गलनाथ शिवलिङ्गबारे खोजीनीति नभएको मगरथानाका बासिन्दा शिक्षक धर्वेन्द्रकुमार यादव बताउँछन् । यसैगरी भङ्गाहा–५ सिद्धपुरअवस्थित सिद्धनाथ महादेव मन्दिर र भङ्गाहा–९ स्थित रामसीताले होली खेलेका ठाउँ मानिने कञ्चनवनमा पनि राज्यको आँखा नपरेको भङ्गाहा–४ का बासिन्दा ३० वर्षीय युवा रामईश्वर ठाकुर बताउँछन् । उनीहरु ती स्थानको संरक्षणमा स्थानीय सरकार लाग्नुपर्नेमा जोड दिन्छन् । 'रातु र बडहरी नदीको दोभानअवस्थित सिद्धनाथ महादेव आदिकालदेखि रहेका हामी सुन्छौँ, तर यो प्राचीन शिवालय अब दुवै नदीको चपेटामा परेर बगरमा परिणत हुँदैछ', ठाकुर भन्छन्, 'सदियौँ पुरानो देवस्थल संरक्षणमा राज्यका कुनै निकायले चासो देखाउँदैनन् ।' यसैगरी बर्सेनि मिथिला मध्यमा परिक्रमाको आठौँ दिन होरी उत्सव हुँदै आएको कञ्चनवन पनि परिक्रमा सकिएसँगै सम्झनामा नरहने ठाकुरको गुनासो छ । जिल्लामा प्रसिद्ध धार्मिकस्थलमा बलवा–३ पडौलस्थित कारिख महाराजस्थान, बलवा–९ स्थित ध्रुवकुण्ड, बलवा–१० रौजास्थित मजार, भङ्गाहा–९ हरिहरपुर कञ्चनवनस्थित रामजानकी विहारविहारिणी मन्दिर, रामसीताको विवाहमा वेदी (विवाहमण्डप) बनाउन माटो खनिएको ठाउँ मटिहानी, रामायणकालकै पितृमातृभक्त श्रवणकुमारका नेत्रविहीन बाबुआमा बस्ने ठाउँ मानिएको लोहारपट्टी–१ बगडास्थित अन्धाअन्धीस्थान र पिपरा गाउँपालिकाको बनौलीदनौलीमा मैथिली भाषाका महाकवि विद्यापतिको किल्ला मानिएको विद्यापति गढ छ । यीमध्ये कतिपयका शीर्षकमा विभिन्न ठाउँबाट रकम लिएर टाठाबाठाले मनमानी गरेका स्थानीय सर्वसाधारण बताउँछन् । पडौलको कारिखस्थान सिद्धपुरुष कारिख महाराजको स्थान मानिन्छ । भदौ, कात्तिक, पुस र चैतबाहेकका सबै महिनाका सोमबार र शुक्रबार यहाँ मनोकाङ्क्षा माग्ने र भाकल दिने श्रद्धालुको भीड लाग्छ । यहाँ मधेशका मात्र नभएर छिमेकको भारतको विहार राज्यका विभिन्न जिल्लाबाट उल्लेख्य संख्याका श्रद्धालु आउने गरेका छन् । यसैगरी रौजास्थित इस्लाम परम्पराका सुफी सन्तहरू गदालीबाबा, बहारअलीबाबा र रहमतअलीबाबाको मजारमा 'मन्नत' माग्ने (दुःख पुकारा गर्ने) र मन्नत दिने (भाकल) दिने श्रद्धालु पुग्छन् । मजारमा मन्नत माग्नेहरू हिन्दू र मुसलमान सराबरी पुग्ने गरेका रौजाकै रासविहारी महतो बताउँछन् । यसबाहेक औरही–७ भोइलस्थित प्रसिद्ध देवी शक्तिपीठ सोनामाई मन्दिर, रामगोपालपुरको अन्हेरबाट र लोहारपट्टी–९ पिपराढीस्थित गेरुकाधाम जिल्लाका प्रसिद्ध धार्मिकस्थल हुन् । जिल्लाका यी पुरातात्विक महत्वका अति प्राचीन धार्मिकस्थल धेरैजसो उपेक्षित बनेका यहाँका बुद्धिजीवीको टिप्पणी छ । जिल्लामा हिन्दू परम्पराका मठमन्दिर, इस्लाम परम्पराका मजार र बौद्ध परम्पराका गुम्बा रेखदेख र संरक्षण नपाएर खण्डहरजस्तै बन्दैछन् । जिल्लाका यी पुरातात्विक महत्वका स्थलको संरक्षण, संवद्र्धनमा तीनै तहका सरकारको चासो र पहलकदमी हुनपर्ने भङ्गाहा–६ हतिसर्वाका बासिन्दा रामएकवाल राय बताउँछन् । जिल्लाका यी धार्मिक र पुरातात्विक महत्वका स्थलको तत्काल संरक्षणको पहलकदमी नभए पछिल्लो पुस्ताले इतिहास पढ्दामात्रै यी ठाउँबारे जानकारी पाउने स्थानीय बुद्धिजीवीहरूको टिप्पणी छ ।

# दोषीलाई कारबाहीको माग

**मधेशदृष्टि**
**वीरगंज २१ चैत ।**
नेपाल प्रेस युनियन पर्साले सञ्चारकर्मी दिपेन्द्र गिरी माथि सांघातिक आक्रमण भएको हप्तौं दिन बिति सक्दा पनि पर्सा प्रहरीले अभियुक्तहरुलाई पक्राउ नगरेको भन्दै आपत्ति प्रकट गरेको छ । 'वीरगंज महानगरपालिका वडा नं. ११ श्रीपुर बस्ने पत्रकार दिपेन्द्र गिरी र उनको परिवार माथि भएको सांघातिक आक्रमण प्रति युनियनको गम्भीर ध्यानाकषर्ण भएको उल्लेख गर्दै पत्रकार गिरी र उनकी श्रीमति तथा आमालाई विना कारण गत चैत ११ गते आईतवार राती ९ः००ः बजे श्रीपुरकै रुपेश पटेल, दिपेश पटेल लगायतकाले आक्रमण गरी गम्भिर घाइते बताएको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दर्ता भए पनि दोषीमाथि कुनै कारवाही नभएकोले तत्काल कारबाही गर्न माग गर्दछौँ' युनियनले बुधबार जारी गरेको प्रेस विज्ञप्तीमा उल्लेख गरेको छ ।

# चिट चोराउने प्रधानाध्यापकसहित ६ जना पक्राउ



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट जिल्लामा एसईई परीक्षामा परीक्षार्थीलाई ह्वाट्सप ग्रुप बनाएर चिट चोराउने प्रधानाध्यापक, निरिक्षक सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । ह्वाट्सप ग्रुपमार्फत प्रश्नपत्रहरुको उत्तर लेखेर सामाजिक सञ्जालमार्फत अदानप्रदान गर्ने प्रधानाध्यापक सहितका गिरोहलाई रौतहट प्रहरीले पक्राउ गरेको हो । प्रहरीले सामाजिक सञ्जालमार्फत सबै प्रश्नहरुको उत्तर लेखेर बनाइएको ह्वाट्सप ग्रुपमार्फत आदानप्रदान गर्ने एक जना प्रधानाध्यापक, ४ जना परीक्षा निरीक्षक र एक कार्यालय सहायक गरी ६ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता एलिजा गिरीले जानकारी दिइन् । पक्राउ पर्नेहरुमा रौतहटको पथरा माविका प्रधानाध्यापक उतिचन्द्र यादव, सरस्वती मावि पिपरा परीक्षा केन्द्रका परीक्षा निरीक्षक ललन राय यादव, राम अमोद प्रसाद यादव, शंकर मावि सरमुज्वाका परीक्षा निरीक्षक अबधलाल राम र कार्यालय सहायक राकेश कुमार यादव रहेका छन् । यस्तै अनाधिकृत रुपमा परीक्षा केन्द्रमा प्रवेश गरी परीक्षाको मर्यादा भंग गरेको आरोपमा राजपुर नगरपालिका–१ बस्ने ३१ वर्षका राम सोगारथ साहलाई समेत नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । उनीमाथि सरस्वती मावि पिपरा परीक्षा केन्द्रमा अनुमति बिना प्रवेश गरेको आरोप रहेको छ । पक्राउ परेकाहरुमाथि शिक्षा ऐन २०२८ को दफा १७ को उपदफा १ (क) अन्र्तगतको कसूरमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको रौतहट प्रहरीले जनाएको छ ।

# सत्र अर्ब बढीको खाद्यान्य भित्रिए




**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको प्रमुख भन्सार नाका वीरगंजको आईसिपी भन्सार हुदै चालु आर्थिक बर्षको ८ महिनामा १७ अर्ब २८ करोड ७ लाख ६५ हजार मुल्य बराबरको धान, चामल, मकै लगायतका खाद्यान्न भित्रिएको छ । वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक बर्ष २०८०÷८१ को फागुन मसान्त सम्म ५ अर्ब ७६ करोड ३५ लाख ७७ हजार मुल्य बराबरको धान भित्रिएको छ भने १ अर्ब २१ करोड ७७ लाख १८ हजार मुल्य बराबरको चामल भित्रिएको छ । त्यसैगरी आईसिपी भन्सार नाकाबाट त्यो अवधिमा ५ अर्ब ७६ करोड ३५ लाख ७७ हजार मुल्य बराबरको मकै भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठो लगायतका खाद्यान्न १ अर्ब २१ करोड ७७ लाख १८ हजार मुल्य बराबरको भित्रिएको छ भने गहुँ ३ अर्ब ३१ करोड ८१ लाख ७५ हजार मुल्य बराबरको भित्रिएको छ । धान चामल, मकै र गहुँ लगायतका खाद्य सामग्रीबाट वीरगंज भन्सारले ९९ करोड ८० लाख १० हजार राजस्व असुली गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । गत बर्ष वीरगंज नाकाबाट त्यहीँ अवधिमा १५ अर्ब १२ करोड ८६ लाख ४८ हजार मुल्य बराबरको धान, चाम, मकै, फापर कोदो तथा गहुँ लगायतका खाद्यान्न भित्रिएको र ती वापत ८९ करोड ८४ लाख ६८ हजार राजस्व असुली भएको भन्सार प्रशासक पन्थीले बताए ।

# नयाँ वर्षको अवसरमा वीरगंजमा रात्रि बजार

**मधेशदृष्टि**
**वीरगंज ।**
नयाँ वर्षको अवसर पारेर वीरगंज महानगरपालिकाले चैत २९ गते देखि बैशाख १ गते सम्म रात्रि बजार लगाउने भएको छ । वीरगंज महानगरपालिकाका प्रशासन महाशाखा प्रमुख राजकृष्ण ताम्राकारको अध्यक्षतामा सम्पन्न बैठकले वीरगंजको आदर्शनगर स्थित पुरानो बसपार्कमा रात्रि मेला लगाउने र रात्रि मेलाका लागि प्रत्येक स्टल १ हजारमा बुकिङ्ग गर्न व्यवसायीहरुलाई आग्रह गरिएको छ ।

वीरगंज महानगरपालिका, ग्रिन सिटी सामुदायिक केन्द्र आदर्शनगर, फोरजी आर, वीरगंज साईकिलिङ्ग क्लव, घरेलु तथा साना उद्योग कार्यालय, युवा उद्यमी मञ्च लगायतका सामाजिक संघ संस्थाहरुको सहयोगमा रात्रि बजारको आयोजना गर्न लागिएको ग्रिन सिटी सामुदायिक केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए ।


जनहितका लागि जारी सन्देश
समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्र्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




आगलागी भइहालेमा के गर्ने ?
- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्न दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलव्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगालागीको शुरुवाती समयमा नै आगालागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ ।

मटिहानी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धिरापुर, महोत्तरी, मधेश प्रदेश



VACANCY ANNOUNCEMENT

BHC (100Bed) Super speciality Hospital is looking for energetic & result-oriented FULL TIME candidates for following positions:-

| SN. | POSITION | QTY. | QUALIFICATIONS |
|---|---|---|---|
| 1 | Consultant Nephrologist | 1 | DM / MD Nephrology |
| 2 | Consultant Cardiologist | 1 | DM / MD cardiology |
| 3 | Consultant Orthopaedics | 1 | MS Ortho |
| 4 | Consultant Gynaecologist | 1 | MS Gynae & OBS |
| 5 | Consultant Radiologist | 1 | MD Radiology |
| 6 | Consultant Psychiatrist | 1 | MD Pshychiatry |
| 7 | Consultant ENT Surgeon | 1 | MS ENT |
| 8 | Consultant Urologist | 1 | MCh / MS Urology |
| 9 | Dental Surgeon | 1 | BDS |
| 10 | Medical Officer | 3 | MBBS |
| 11 | Nurse | 10 | PCL Nursing / HA / CMA |

Growth oriented candidates can send application along with updated CV & Documents to info@bhchospital.com

BIRGUNJ HEALTH CARE HOSPITAL
SUPER SPECIALITY HOSPITAL
BAHUWARI-14, BIRGUNJ, PARSA
+977-9814292004, 051411100 Email us:- info@bhchospital.com


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन